
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक ७३ | • २०८१ साल साउन १६ गते बुधबार (31 July, Wednesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## रौतहटमा तस्करी बढ्दो



**टुडे समाचारदाता**

रौतहट । रौतहटको विभिन्न सीमानाकाबाट पछिल्लो समय तस्करीमा वृद्धि भएको छ । ठूला तथा साना सीमानाकाबाट खुलेआम तस्करी हुने गरेको बताइएको छ ।

सो तस्करीमा गौर भन्सार कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालय रौतहटको संलग्नता रहेको आरोपसमेत लाग्ने गरेको छ ।

सो नाकाबाट भएको सुनदेखि नुनसम्मको तस्करीलाई सीमानाकामा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले बेवास्ता गरेको जस्तो देखिदाँ सो अवस्था उत्पन्न भएको छ । भारतीय सीमावर्ती सीमानाकाहरू गौर, बेल बिछुवा, औरैया, रामपुर, वनकुललगायतबाट पछिल्लो समय तीव्ररूपमा तस्करीमा वृद्धि भएको रौतहटका सीमावासीहरु बताउँछन् ।

सो नाकाबाट भारततर्फ चिनियाँ सामग्री, गाई-गोरु, मदिरा, सुनलगायतका जाने गरेको स्रोतको भनाइ छ । भारतबाट विभिन्न सामानहरू ल्याइने गरिन्छ ।

तर रौतहट प्रहरीले भने यस जिल्लाबाट तस्करी नभएको जिकिर गरेको छ ।

पछिल्लो समय रौतहट प्रहरीले भारतबाट किसानले धानबालीका लागि ल्याएको मलखाद बरामद गरेका छन् । तर आफूहरुको मल बरामद गरेर तस्करलाई छुट दिएको जनाउँदै किसानहरु आक्रोशित बनेका छन् ।

यता सर्लाहीको बलरा नाकाबाट तस्करी बढ्न थालेको आरोप छ । त्यहाँ पनि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको मिलेमतोमा तस्करी हुने गरेको छ ।

तर नेपाल प्रहरीका मधेश प्रदेश प्रमुख डिआइजी यज्ञविनोद पोखरेलले तस्करी तथा सेटिङमा प्रहरीको संलग्नता नभएको दाबी गरे ।

यस नाकाबाट भारततर्फ स्याउ र मकै बढी मात्रामा गएको पाइन्छ भने भारतबाट धान, प्याज, कपडा, चिनी, किराना सामान ल्याइने गरिन्छ ।

### कोशी सम्झौता प्रकरण

# ६५ वर्ष बित्दा पनि पीडितले पाएनन् मुआब्जा र क्षतिपूर्ति

**टुडे समाचारदाता**

राजविराज । कोशी ब्यारेज निर्माणका कारण डुबानमा परेका पीडितहरूले कोशी नदी कटान डुबान पीडित संघर्ष समिति निर्माण गरी आन्दोलन थालेको ६५ वर्ष बितेको छ । तर अहिलेसम्म पनि उनीहरुको माग सुनुवाई भएको छैन । सो समितिमा सप्तरी, सुनसरी र उदयपुरका पीडितहरु छन् ।

सप्तरी राजविराजका कासमी मियाँको परिवारका नाममा ४० बिघाभन्दा बढी जग्गा छ । उनीहरू अहिले पनि जग्गाको मालपोत तिरे पनि उनीहरूको जग्गामा हिउँदमा बालुवा र बर्खामा कोशीको भेल आउने गरेको छ ।

सप्तरीको गोवरगढा, हनुमान नगर र सखुवा मौजामा रहेको कासिमको परिवारको खेतमा सप्तकोशी कुद्न थालको ७० वर्ष पुग्यो । २०११ साल वैशाख १२ गते नेपाल-भारत बीचमा कोशी सम्झौता भएपछि हनुमान नगरमा ब्यारेज निर्माण गरिएको थियो ।

सिँचाइ, बिजुली उत्पादन र बाढी नियन्त्रणको उद्देश्य भए पनि कोशी सम्झौताका कारण स्थानीय कासिमको परिवार भने पीडामा परेको छ । कमाइ खाइरहेको जग्गामा सप्तकोशीको भँगालो वर्षेनि पस्न थालेपछि कासिमको परिवार कोशी सम्झौताको विरोधमा उत्रेका थिए । तर, उनीजस्ता भुइँमान्छेको आवाज भने कसैले सुनि दिएन ।

उनीहरूको आन्दोलन कडादेखि नरमसम्म अझै पनि हुने नै गरेको देखिन्छ । तर ६५ वर्ष बित्दा पनि उनीहरूको माग सुनुवाई भएको छैन । उनीहरू आफूले भोगचलन गरिरहेको जग्गामा कोशी नदी बगेको हेर्न बाध्य छन् । पीडितहरूले नेपाल र भारतका प्रधानमन्त्रीलाई मुआब्जा र क्षतिपूर्तिको माग राख्दै ज्ञापन पत्र पनि बुझाए ।



सिँचाइ, बिजुली र बाढी नियन्त्रणका लागि नेपाल-भारतबीच १९९ वर्षका लागि कोशी सम्झौता भएको थियो ।

नेपाल सरकारको तर्फबाट योजना, विकास तथा भूमिसुधार मन्त्री महावीर शमशेर र भारतको तर्फबाट योजना मन्त्री गुलजारीलाल नन्दाले सो सम्झौतामा हस्ताक्षर गरेका थिए । सम्झौतामा कोशी ब्यारेज बनाउँदा हुने डुबान र प्रभावित जग्गाको मुआब्जा र क्षतिपूर्ति भारत सरकारले दिने उल्लेख छ । कोशी सम्झौतामा भएको व्यवस्थाअनुसार आयोजनाका लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारले अधिग्रहण गर्ने र त्यसको मुआब्जा भारत सरकारले उपलब्ध गराउने प्रावधान रहेको छ । प्रावधानअनुसार नेपाल सरकारले पूर्वी नहर र ब्यारेज बनाउनका लागि १३ हजार ३ सय ३७ बिघा जग्गा अधिग्रहण गरेको थियो ।

अधिग्रहण गरेको जग्गाको कृषियोग्य जमिन, जंगल, गाउँ वस्ती र पर्ती जमिन गरी ४ प्रकारले वर्गीकरण गर्दै बिघाको ५ रुपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराएको थियो । पहिलो चरणमा भारत सरकारले उपलब्ध गराएको जग्गाको क्षतिपूर्ति दिइएको भए पनि दुई देशले नै दिने भनेर हस्ताक्षर गरेको जग्गाको समेत अहिले सम्म क्षतिपूर्ति दिएको छैन ।

क्षतिपुर्ति दिने भनेर निर्णय भएको ७ हजार ६ सय ३७ विगाह जग्गाको क्षतिपूर्ति प्राप्त नभएको सम्पर्क भू-आर्जन कार्यालय कोशी आयोजना विराटनगरले जनाएको छ । कोशी सम्झौतामा आयोजना बनेपछि बालीनालीमा पुग्ने क्षतिपूर्ति भारत सरकारले गर्ने उल्लेख गरिएको छ ।

सोहीअनुसार २०१८ सालदेखि आयोजनाका कारण पुग्ने क्षतिको क्षतिपूर्ति नपाएको आयोजनाले जनाएको छ । पछिल्लो पटक २०६९ भदौं २४ गते सप्तरी सदरमुकाम राजविराजमा सम्पन्न सर्वपक्षीय बैठकबाट कोशीपीडितलाई मुआब्जा दिलाउन सिफारिस गरेको थियो ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी हरिराज पन्तको अध्यक्षतामा बसेको बैठकले प्रतिवर्ष प्रति बिघा १ लाख ५ हजारका दरले क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरेको थियो ।

नेपाल-भारत सरकारले संयुक्त रूपमा सप्तकोशी उच्चबाँधको डीपीआर तयार पारिरहेको छ । डीपीआरको ३० प्रतिशत काम सम्पन्न भइसकेको भए पनि पुनर्बाससम्बन्धी नीति अझैसम्म पनि बनिसकेको छैन । भारतले यसअघि गरेको सम्झौतालाई कार्यान्वयन नगरेका कारण सप्तकोशी उच्चबाँध प्रभावित क्षेत्रकाहरू त्रसित बनेका छन् ।

१४९ करोड भारतीय रुपैयाँमा बन्दै गरेको डीपीआरमा पुर्नबास सम्बन्धी कस्तो नीति बन्ला भन्ने आशंका कायम रहेको छ । वराहक्षेत्र मन्दिर भन्दा उत्तर सुनसरीको सुनाखम्बीमा निर्माण गरिने गरी प्रस्ताव गरिएको उच्चबाँधले कोशी प्रदेशका १५ वटा पालिकामा प्रभाव पार्ने देखिन्छ ।

प्रभावितहरूको पुनर्बास, क्षतिपूर्ति र मुआब्जाका विषयमा विश्वासको वातावरण बनी नसक्दा डीपीआर निर्माणको काम नै प्रभावकारी रूपमा अगाडि बढ्न सकेको छैन ।

सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाका नेपाल तर्फका निमित्त प्रमुख सहदेव थापाले बताए अनुसार पुनर्बास र क्षतिपूर्तिका कारण विश्वासको वातावरण अझै बनिसकेको छैन ।









# सांसदको प्रश्न- शिक्षा मन्त्रालयसँग दक्ष जनशक्ति निर्माणको योजना के छ ?

काठमाण्डु । सांसद कृष्णप्रसाद पौडेलले विद्यार्थी दक्ष जनशक्ति निर्माणका लागि शिक्षा मन्त्रालयको योजना के छ भनी प्रश्न गर्नुभएको छ।



राष्ट्रियसभाको मंगलबारको बैठकको शून्य समयमा उहाँले भन्नुभयो, “स्वदेशमै ‘टिक्ने’ र ‘बिक्ने’ जनशक्ति निर्माणमा शिक्षा मन्त्रालयको नीति के छ ?” गत आर्थिक वर्षमा एक लाख १२ हजार चार सय ९३ विद्यार्थी उच्च शिक्षाका लागि विदेश गएको तथ्याङ्क पेस गदै उहाँले यसका लागि रु एक खर्ब ५२ करोडभन्दा बढी रकम मुलुकबाट बाहिरिएको बताउनुभयो। विसं २०७१ मा कक्षा १ मा करिब ११ लाख विद्यार्थी भएकामा गत वर्षको एसइई परीक्षासम्म आइपुग्दा करिब ५६ प्रतिशत विद्यार्थीले विद्यालय छाडेको उल्लेख बताउनुभयो।

राष्ट्रियसभाको आजको बैठकमा अधिकांश सांसदहरुले विपत् व्यवस्थापन र भइरहेको विभिन्न दुर्घटनाप्रति सरकारकालाई ध्यानर्काषण गराउनुभएको छ।

सांसद कमला पन्तले सौर्य जहाजको दुर्घटनाको सत्यतथ्य पत्ता लगाइ दोषिमाथि कारबाही गर्न माग गर्नुभयो। सांसद जयन्तीदेवी राईले सौर्य जहाज दुर्घटनाका मृतकका परिवारलाई सरकारले नभेटेको गुनासो सुनाउनुभयो। उहाँले थोत्रो जहाज कहिलेसम्म चलाउने ? भन्दै सरकारको जवाफ माग गर्नुभयो।सांसद दुर्गा गुरुङले बाढीपरिहराका कारण कर्णाली प्रदेशको सडक बिग्रिएको उल्लेख गर्दै त्यहाँको जनजीवन प्रभावित भएकाले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद नारायणदत्त मिश्रले जहाज दुर्घटनाको निष्पक्ष छानबिन र किसानले रासायनिक मल नपाएकोमा सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद भुवनबहादुर सुनारले भर्खर गठन भएको मन्त्रिपरिषद् समावेशी नभएकोमा असन्तुष्टि व्यक्त गर्नुभयो। सांसद मदनकुमारी साह गरिमाले विभिन्न स्थानमा भएका स्कुल बस दुर्घटनाप्रति सरकारको ध्यानकर्षण गराउनुभयो। सांसद सुरेशकुमार आलेमगरलेपुतलीसडक-मैतिदेवी सडकखण्डमा दुईतर्फी सवारी सञ्चालनको माग गर्नुभयो।रासस

# उच्च शिक्षाका लागि स्वदेशमै अवसर उपलब्ध गराउन त्रिवि पदाधिकारीलाई प्रधानमन्त्रीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले त्रिभुवन विश्वविद्यालयको पुनःसंरचना र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्दै उच्च शिक्षाका लागि देशमा नै अवसर प्रदान गर्नुपर्ने बताउनुभएको छ।

विश्वविद्यालयको मंगलबार भएको सिनेट बैठकमा प्रधानमन्त्री ओलीले समयको मागअनुसार अध्ययन-अध्यापनलाई अनुसन्धानमूलक एवं प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले ठूलो स¤्यामा विद्यार्थी विदेशिने क्रमलाई रोक्न स्वदेशमा नै गुणस्तरीय शिक्षामा आफूलाई केन्द्रित गर्न विश्वविद्यालयका पदाधिकारीहरुलाई आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले विश्वविद्यालयमा विगतमा सेवा आयोगबाट लिइएका परीक्षाको नतिजा प्रकाशन, शिक्षक कर्मचारीको रिक्त दरबन्दीमा नयाँ भर्नाका लागि विज्ञापन गरी जनशक्ति अभाव पूर्ति, विश्वविद्यालय सेवामा प्रवेश गरिसकेका जनशक्तिलाई क्षमता अभिवृद्धि र अनुसन्धानका अवसर प्रदान गर्दै उनीहरुलाई सेवामा कायम राख्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

“यी विषयमा के कति काम भएका छन् भन्ने समीक्षा गर्न पनि जरुरी छ। यदि सुधारको गति सुस्त छभने यसलाई तीव्रता दिन सबैले आ–आफ्ना ठाउँबाट पहल



गर्न म सबैलाई आग्रह गर्दछु”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “विश्वविद्यालयको प्राज्ञिक तथा प्रशासनिक कार्यका विविध पक्षलाई मैले नजिकबाट नियालिरहेको छु। विभिन्न माध्यमबाट विश्वविद्यालयका गतिविधिबारे मैले जानकारी लिने गरेको छु। विश्वविद्यालयहरुमा कस्ता समस्या छन्, ती समस्या कसरी उत्पन्न भएका हुन् र तिनको समाधानका लागि विश्वविद्यालयका पदाधिकारी र सरोकारवाला पक्षसँग घनिभूत छलफल आवश्यक छ। सबैको प्रयासलाई र संयोजित ढङ्गले अघि बढाएर समस्याको समाधान गर्नुपर्छ।” प्रधानमन्त्री ओलीले विश्वविद्यालयका नीतिगत र दीर्घकालीन महत्वका विषयमा आवश्यक गृहकार्य गरी चाँडै अर्को सिनेट बैठक गरेर निचोडमा पुगिने विश्वास व्यक्त गर्नुभयो। चाँडै अर्को बैठक गरेर नीतिगत विषयमा छलफल गर्ने प्रधानमन्त्रीको उद्घोषलाई सभाका विद्यार्थी प्रतिनिधिले सकारात्मक रुपमा लिएका थिए।

सिनेट बैठकमा सदस्यले बेरुजुका सम्बन्धमा उठाएको प्रश्नमा प्रधानमन्त्री ओलीले विगतदेखि नै बेरुजु घट्न नसकेकाले रु २८ अर्ब बेरुजु देखिएको सम्परीक्षण गराइएपछि त्यो रकम घट्ने विश्वास व्यक्त गर्नुभयो। त्यसमा देखिएका जटिलताका विषयमा बनाउनुपर्ने कानुन निर्माणबारे संसद्मा छलफल हुने उहाँले बताउनुभयो। प्रधानमन्त्री ओलीले सरकारबाट प्राप्त हुने रकमलाई विश्वविद्यालय अनुदान आयोगबाट विश्वविद्यालयलाई वितरण हुने भएकाले अनुसन्धानका लागि हाल निर्धारित रकममा कटौती नहुने स्पष्ट गर्नुभयो।

विश्वविद्यालयमा समावेशिता, सहभागिताका आधारमा परिणाम निकाल्न सक्नेगरी निर्णय हुनुपर्ने निर्देशन प्रधानमन्त्रीले दिनुभयो। प्रधानमन्त्री ओलीले प्राध्यापकको मर्यादा निर्धारण र भूकम्पबाट क्षति भएका क्याम्पसका भवन निर्माणमा तदारुकतासाथ काम गर्न आग्रह गर्नुभयो। उहाँले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने कानुनी व्यवस्था नै उपयुक्त हुने तर सभाले नराख्ने निर्णय गरेमा त्यो आफूलाई मान्य हुने बताउनुभयो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई सहभागी बैठकमा प्रस्तुत विभिन्न सङ्कायबाट ६२ औं ग्रेसलिष्टमा समाविष्ट ७३ हजार नौ सय ९५ विद्यार्थीलाई उपाधिका लागि अनुमति दिएको छ। चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट पनि पारित भएको छ।रासस

# समाजमा विद्यमान कुप्रथा अन्त्य गर्न सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समाजमा व्याप्त अन्धविश्वास, कुप्रथा र रूढीवादी परम्पराको अन्त्यका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

मंगलबार आयोजित एक कार्यक्रममा सञ्चारमन्त्रीले सबै प्रकारका विभेद र कुसंस्कारको अन्त्य गर्दै आधुनिक समाज निर्माणका निम्ति वर्तमान सरकार क्रियाशील रहेको बताउनुभयो। उहाँले रूढी परम्परा र अन्धविश्वासको अन्त्यका लागि ऐनकानुनको प्रभावकारी कार्यान्वयनमा सरकारले जोड दिएको बताउनुभयो।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले सामाजिक कुरीति अन्त्य गर्न समाजका सबै वर्गको



भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै भन्नुभयो, “बोक्सी प्रथालाई पूर्ण रुपमा अन्त्य गर्न सरकार पूर्ण प्रतिबद्ध छ। “सति प्रथा सकियो तर यसको धङधडी अहिले पनि नेपाली समाजमा बाँकी छ,” उहाँले मुलुक राजनीतिक रुपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरे पनि आर्थिक रुपमा धेरै पछाडि रहेको वास्तविकता औंल्याउनुभयो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङले हलिया, छाउपडी, हरवाचरवा र कम्लरी प्रथालाई पनि पूर्ण रुपमा अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। त्यस अवसरमा उहाँले बोक्सी प्रथामा आधारित चलचित्र ‘अग्निदहन’को पोष्टर पनि सार्वजनिक गर्नुभयो।रासस

# सुरक्षित कारोबार विधेयक दफावार छलफलका लागि समितिमा

काठमाण्डु। प्रतिनिधिसभाले ‘सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ। सभाको मंगलबारको बैठकले राष्ट्रियसभामा उत्पत्ति भएको सो विधेयक समितिमा पठाएको हो।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयकलाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नुभएको प्रस्ताव सभाको सर्वसम्मतिबाट स्वीकृत भएको थियो।

बैठकमा सभामुख देवाराज घिमिरेले सहकारी संस्था बचत रकम अपचलन सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति तथा विभिन्न विषयगत समितिमा सदस्यको नाम हेरफेरको प्रस्ताव गर्नुभयो।

उक्त प्रस्तावलाई सभाले सहमति जनाएको थियो।त्यसअघि सभामुख घिमिरेले राष्ट्रपति कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा सुनाउनुभएको थियो। प्रतिनिधिसभाको अर्को बैठक यही साउन २० गते आइतबार दिउसो १ बजे बस्नेछ।रासस

# पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउन सांसद बेलबासेको सुझाव

काठमाण्डु। सांसद गङ्गाकुमारी बेलबासेले राजनीतिक स्थिरता र विकास निर्माणका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने धारणा व्यक्त गर्नुभएको छ। राष्ट्रियसभाको मंगलबारको बैठकको विशेष समयमा उहाँले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने गरी काम गर्न आग्रह गर्नुभयो।

“खर्चिलो चुनाव भयो भनिएको छ। जनताबाट निर्वाचित भएको कार्यकारी प्रमुखलाई निर्वाचन गर्न हामी पहिलेदेखि नै तयार छौं। यो पक्षमा जाने आँट गर्नुहुन्छ भने हामी समर्थन जनाउँछौं”, उहाँले भन्नुभयो। उहाँले पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन हुँदा स्थिर सरकार बन्न सक्ने धारणा राख्नुभयो।

सांसद आनन्दप्रसाद ढुङ्गाना संविधान संशोधन गर्नु भनेको समावेशी प्रणाली विरोधी नभएको बताउनुभयो। उहाँले प्रतिपक्षी दलले संविधान संशोधन गर्नु भनेको समावेशी विरोधी भएको भन्दै लगत भाष्य प्रचार गरेको बताउनुभयो। उहाँले राजतन्त्र हटाएर गणतन्त्र ल्याउँदा र संविधान बनाउदासमेत सत्तापक्ष पार्टी सधैं समावेशीकै पक्षमा रहदै आएको बताउनुभयो। “समानुपातिक समावेशी नेपाली जनताले पाइसकेको अधिकार हो”, उहाँले भन्नुभयो, “सरकार विरोधी होइन, प्रतिपक्षीको गलत प्रचार हो।”



उहाँले जनताले अब सरकारसँग परिणाम खोजेको उल्लेख गर्दै त्यसतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो। संविधान संशोधन निकासको अर्को आधार भएको उहाँको तर्क थियो। गठबन्धन सरकारले संविधानको संशोधनको कुरा उठाउनु मुलुकलाई निकास दिनका लागि भएको उहाँले बताउनुभयो। संविधान बनेको दश वर्षपछि यसका सबल र निर्वल पक्षमाथि समीक्षा गर्नुपर्नेमा उहाँले जोड दिनुभएको हो।रासस

# खोला बस्तीमा पस्दा ३० घर डुबानमा

काठमाण्डु । सूर्यविनायक नगरपालिका(५ दधिकोटस्थित गडेधारा टोलका करिब ३० घर डुबानमा परेका छन्। गएराति परेको भीषण वर्षाका कारण स्थानीय ढुङ्गेखोलामा आएको बाढी बस्तीमा पसेपछि स्थानीयको रु ३० लाखभन्दा बढी क्षति भएको छ।

मध्यरातिदेखि बस्तीमा पानी पसेपछि अधिकांश घरको भुइँतलाभित्र पसेको पानी चार फिटसम्म पुगेपछि मध्यराति धेरैको बिचल्ली भएको थियो। घरको भुइँतलाका भान्सादेखि शयन कक्षसमेतमा पानी पसेपछि लत्ताकपडा, खाद्यान्न, ओछ्यान र इलेक्ट्रिक सामानमा क्षति पुगेको छ। साथै टोलमा रहेको नौवटा गाडी र २० भन्दा बढी मोटरसाइलसमेत पूरै डुबेर क्षति पुगेको छ।

स्थानीय समाजसेवी अनिता पाण्डेले खोलाको बाढी बस्तीमा पस्दा करिब ३० घरका सामानमा क्षति पुगेको बताउनुभयो। उहाँले घरमा रहेका गाडी, मोटरसाइकल र अन्य समानहरुमा क्षति पुगेको तथा लाखौंको क्षति पुगेको बताउनुभयो।स्थानीय कला थापाले परिवार मध्यराति कोठामा पानी परेर झ्यालको उचाइसम्म पुगेपछि सानो बच्चा च्यापेर कौशीमा गएर बस्नु परेको बताउनुभयो। यस क्षेत्रमा बस्ती बढेको र खोला साँघुरिएपछि हरेक वर्ष पानी बस्तीमा पस्ने



गरे पनि यस वर्ष धेरै पानी पसेर पहिलोपटक धेरै क्षति पुर्याएको हो। कतिपयलाई खाने र राति सुत्ने सामानको समेत अभाव भएको छ।

स्थानीय वडा कार्यालयका केही जनप्रतिनिधि र केही नेता आज बिहान आएर अवस्थाको निरीक्षण गरेर गए पनि स्थानीय भने खोलामा करिडोर निर्माण नगरिदिँदा समस्या आएको भन्दै आक्रोशित बनेका थिए। पाण्डेले स्थानीयले खोलामा करिडोर बनाउन वर्षौंदेखि माग गरे पनि जनप्रतिनिधिले चासो नदिएको भन्दै स्थानीय आक्रोशित बनेको बताउनुभयो। खोलामा जमेको माटो हटाएर सम्भावित जोखिम कम गर्ने भनिए पनि तीन तहकै सरकारले दीर्घकालीन समाधानको उपाय अवलम्बन गर्नुपर्ने उहाँले बताउनुभयो।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी निरीक्षक टेकेन्द्र पौडेलले सोही स्थानमा खोलाको पर्खाल भत्किएको र एक खाद्य कम्पनीमा क्षति पुगेको बताउनुभयो। उहाँले बस्तीमा पानी पसेको जानकारी आएपछि विभिन्न ठाउँमा क्षतिको विवरण लिन प्रहरी परिचालन गरेको जनाउँदै साँझसम्ममा सबै विवरण आउने बताउनुभयो।रासस

# मुलुकको विकासका लागि दुई ठूला पार्टी मिल्नुको विकल्प छैनः महासचिव पोखरेल

देउखुरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखेलले संसद्का दुई ठूला दल मिल्नुको विकल्प नभएको बताउनुभयो। प्रेस चौतारी दाङको आयोजनामा दाङको घोराही मंगलबार भएको पत्रकार सम्मेलनमा उहाँले प्राप्त उपलब्धिको रक्षाका लागि कांग्रेस र एमाले मिल्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

“हामी सरकारका जानका लागि मात्रै मिलेका होइनौं देश विकासका लागि सहकार्य गरेका हौं”, उहाँले भन्नुभयो, “लोकतन्त्रमा दुई ठूला दल मिलेर मात्रै निकास निस्कने भएकाले सहकार्य गरिएको हो।”उहाँले पुराना दल चाहिदैन भन्ने भाष्य बनाउन खोजिएको उल्लेख गर्दै मुलुकमा विकास र समृद्धिका लागि पुराना र स्थापित दल नै आवश्यक भएको बताउनुभयो। उहाँले ठूला दलकै कारण मुलुकमा विकास र परिवर्तन भएका उल्लेख गर्नुभयो।


उहाँले लुम्बिनी प्रदेशका नवनिर्वाचित मुख्यमन्त्री चेतनारायण आचार्यलाई प्रदेशको औचित्य पुष्टि हुने गरी काम गर्न सुझाव दिनुभयो। त्यस अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेशका सरकार मन्त्री भुमेश्वर ढाकालगायतका नेता तथा कार्यकर्ताको उपस्थिति थियो।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको घण्टाघरचोकमा रहेको ट्राफिक बत्ती । यहाँका अधिकांश सवारीचालक र सर्वसाधारणले ट्राफिक बत्तीको बेवास्ता गरी ट्राफिक नियम मिच्ने गरेका छन् । *तस्बिर : रासस*

# सरकारी कार्यालयले नै तिर्दैनन् खानेपानी महसुल

वीरगञ्ज । नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जको आर्थिक वर्ष २०८०/८१ असार मसान्तसम्मको सरकारी कार्यालय तथा निजी ग्राहकको खानेपानी महसुलको बक्यौता रकम रु १२ करोड ३३ लाख ५७ हजार चार सय १८ पुगेको छ ।




सरकारी कार्यालय तथा निजी घरमा संस्थानको खानेपानी लाइन जोडे पनि नियमित रूपमा खानेपानीको महसुल भुक्तानी नगर्दा बक्यौता रकम बर्सेनि वृद्धि हुँदै आइरहेको छ । बक्यौता रकममध्ये सरकारी निकायले तिर्नुपर्ने बक्यौता रकम रु तीन करोड ९८ लाख ९७ हजार सात सय ४८ रहेको छभने निजी घरमा खानेपानी प्रयोग गरेवापतको तिर्नुपर्ने बक्यौता रकम रु आठ करोड ३४ लाख ५९ हजार छ सय ७० रकम बक्यौता कायमै छ ।

कार्यालयका प्रमुख मन्दिप श्रेष्ठले वर्षौंदेखि सरकारी तथा निजी घरमा खानेपानीको लाइन जोडेर नियमित खानेपानीको महसुल भुक्तानी नगर्दा बक्यौता रकम बढेको बताउनुभयो । "सरकारी तथा निजी घरले खानेपानी उपयोग गरे पनि बक्यौता रु सवा १२ करोडभन्दा बढी छ", उहाँले भन्नुभयो, "निजीमात्र होइन, वीरगञ्जका ४५ भन्दा धेरै सरकारी निकायका खानेपानीको बक्यौता पनि चार करोड हाराहारीमा छ ।"

कार्यालयका अनुसार नारायणी अस्पतालको मात्रै बक्यौता रु एक करोड ८४ लाख ७८ हजार नौ सय ७० छ । वीरगञ्ज महानगरपालिका र सो मातहतका वडा कार्यालयको बक्यौता रु एक करोडभन्दा बढी छ । ठाकुरराम क्याम्पसको रु ४९ लाख ६१ हजार चार सय १७ छ ।

जिल्ला प्रशासन कार्यालय पर्साको पनि बक्यौता रु ३५ लाख १० हजार चार सय ४७ छ । कार्यालय प्रमुख श्रेष्ठले खानेपानीको बिलअनुसारको महसुल तीन महिनाभित्र भुक्तानी नगरेको खण्डमा ५० प्रतिशत जरिवाना लाग्ने प्रावधान रहेको बताउनुभयो । "खानेपानीको महसुल नतिर्ने निजी तथा सरकारी निकायलाई ताकेता गर्दै आइरहेका छौं । तर अहिलेसम्म अपेक्षाकृत रूपमा बक्यौता रकम असुलउपर गर्न सकिरहेका छैनौं ।"

कार्यालयका अनुसार आव २०८०/ ८१ को असार मसान्तसम्मको अवधिमा यो कार्यालय मातहत ११ हजार एक सय ३९ घरपरिवारमा खानेपानीको लाइन जडान भएको छ । कार्यालयले गत आवमा सानाठूला गरेर २१ किलोमिटर लम्बाइको पाइप लाइन विस्तार गरेको जनाएको छ ।रासस

## युट्युब च्यानल सञ्चालकहरू कारबाहीमा

काठमाण्डु । प्रेस काउन्सिल नेपालले पछिल्लो १५ दिनमा पत्रकार आचारसंहिताविपरीत सामग्री सम्प्रेषण गर्ने ३१ वटा युट्युब च्यानल सञ्चालक (व्यक्ति/कम्पनी)लाई कारबाही गरेको छ ।

काउन्सिलले मंगलबार विज्ञप्ति जारी गर्दै सञ्चारमाध्यमका रूपमा दर्ता/सूचीकरण भएका र नभएका दुवैलाई कारबाही गरिएको जनाएको हो । दर्ता नभए पनि समाचारको शैलीमा द्वन्द्व बढाउने, चरित्रहत्या गर्ने तथा एकपक्षीय आरोपका सामग्री सम्प्रेषण गर्ने ती युट्युब च्यानल सञ्चालकलाई कारबाही गरिएको काउन्सिलले जनाएको छ ।

मिडियाअन्तर्गत सूचीकृत भएका तीन युट्युब च्यानललाई काउन्सिलले आचारसंहिता प्रतिकूल देखिएका अंश हटाई सम्पादन गर्न, सामग्री स्थगनगरी २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न र अश्लील सामग्री तत्काल हटाउन निर्देशन दिएको छ । हेल्लोटिभी नेपाल फेसबुक पेज,




पिएनपी मिडिया र नागरिकपत्र युट्युब च्यानललाई उक्त निर्देशन दिइएको हो । काउन्सिलले हिंसा, आतङ्कलाई प्रश्रय पुग्ने, निराधार, अफवाहपूर्ण, अतिरञ्जित थम्बनेलसहितको शीर्षक दिइ भ्रमपूर्ण, अमर्यादित, अश्लील सामग्री सम्प्रेषण गर्ने त्यस्ता युट्युब च्यानल सञ्चालकलाई कारबाही प्रक्रिया अघि बढाएको विज्ञप्तिमा उल्लेख छ ।

मिडियासँग सम्बन्धित नभएका तर मिडियाकै शैलीमा अश्लील सामग्री सम्प्रेषण गर्ने २८ युट्युब च्यानललाई त्यस्ता सामग्री तत्काल हटाउन तथा थप अनुसन्धान र कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरिएको काउन्सिलले जनाएको छ । गत आर्थिक वर्षमा काउन्सिलले त्यस्ता ४३ वटा विभिन्न सामाजिक सञ्जाल प्रयोगकर्तालाई कारबाही गरेको थियो ।

"प्रेस काउन्सिल नेपालले पछिल्लो समयमा कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेषगरी युट्युब च्यानलबाट सम्प्रेषित सामग्री अनुगमन गरिरहेको छ ।" जारी विज्ञप्तिमा भनिएको छ, "द्वन्द्वलाई बढावा दिने किसिमका सामग्री सम्प्रेषण गर्ने, गालीगलौजपूर्ण भाषाशैली प्रयोग गर्ने, हिंसा, त्रासलाई प्रश्रय पुग्ने सामग्री सम्प्रेषण गर्ने, तथ्यगत पुष्ट्याइँबेगर अप्राकृतिक रूपमा भ्युअर बढाउने उद्देश्यले अतिरञ्जनागरी सामग्री सम्प्रेषण भएकोप्रति प्रेस काउन्सिल नेपालको ध्यानाकर्षण भएको छ ।"

यसैबीच काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले युट्युब च्यानल छुट्टै मापदण्डअनुसार कारबाही गरिएको बताउनुभयो । "डिजिटल प्लेटफर्मका कुनै पनि माध्यमबाट आधारहीन, एकपक्षीय, भ्रामक र पूर्वाग्रही सामग्री दिन मिल्दैन ।

केही समयदेखि हामीले त्यस्ता माध्यमबाट प्रसारित मिथ्या सामग्री सच्याउन, सम्पादन गर्न निर्देशन र आवश्यक कारबाही थालेका हौँ", उहाँले भन्नुभयो ।उहाँले युट्युब च्यानललाई नियमन र कारबाही गर्न बेग्लै मापदण्ड जारी गरेको जानकारी दिनुभयो । रासस

## विद्युत् प्राधिकरणका देशभरका कार्यालयमा वृक्षारोपण

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले आफ्नो ३९औँ वार्षिकोत्सवकोपूर्वसन्ध्यामादेशभरका कार्यालयमा मंगलबार वृक्षारोपण गरेको छ ।

प्राधिकरणका वितरण तथा ग्राहक सेवाअन्तर्गत प्रादेशिक तथा डिभिजन कार्यालय, वितरण केन्द्र/उपकेन्द्र, प्रसारण सेवाअन्तर्गत ग्रिड कार्यालय, सबस्टेसन कार्यालय, उत्पादन सेवा अन्तर्गतका विद्युत् उत्पादनगृहमा कार्यरत कर्मचारीले आफ्नो कार्यालय परिसर तथा अन्य उपयुक्त स्थानमा वृक्षारोपण गरेका हुन् ।

कार्यालयले आ-आफ्नो क्षेत्रको हावापानी र माटो अनुरुपका फलफूल तथा अन्य प्रजातिका बिरुवा रोपेका छन् । जलविद्युत्, प्रसारण र वितरणतर्फका आयोजनाको निर्माण गर्दा रुख काट्ने मात्र होइन रुख बिरुवाको संरक्षण पनि गरिन्छ भन्ने सन्देश दिन प्राधिकरणले गत वर्षबाट हरेक वर्ष साउन १५ गते देशभरका कार्यालयमा वृक्षारोपण गर्ने कार्यक्रम घोषणा गरेको थियो ।

प्राधिकरणकोप्रधान कार्यालय तथा वृक्षरोपण गर्ने स्थान नभएका काठमाडौँ उपत्यकाभित्रका कार्यालयमा कार्यरत कर्मचारीले भक्तपुरको खरिपाटीस्थित तालिम व्यवस्थापन विभागको परिसरमा बिरुवा रोपेका छन् । रासस

# उद्योगमन्त्रीसँग अमेरिकी राजदूतको शिष्टाचार भेट

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग नेपालका लागि संयुक्तराज्य अमेरिकी राजदूत डीन आर थम्सनले मंगलबार शिष्टाचार भेट गर्नुभएको छ ।

उद्योग मन्त्रालयमा भएको भेटमा मन्त्री भण्डारीले दुई मुलुकले लोकतन्त्र, मानव अधिकार, सार्वभौमिक समानता जस्ता विषयमा साझा दृष्टिकोण राख्दै आएको उल्लेख गर्दै अमेरिका नेपाललाई वैदेशिक सहायता प्रदान गर्ने पहिलो मुलुक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको आर्थिक-सामाजिक विकास र लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ गर्ने कार्यमा पुऱ्याएको सहयोगका लागि अमेरिकी सरकारप्रति उच्च कदर व्यक्त गर्दछु, संयुक्त राज्य अमेरिकाबाट प्राप्त विकास सहायताले शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, कृषि र वातावरण लगायतका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।"

अमेरिका नेपाली वस्तु निर्यातको दोस्रो ठूलो गन्तव्य मुलुक रहँदै आएको उल्लेख गर्दै मन्त्री भण्डारीले पर्यटकको दृष्टिकोणले समेत अमेरिका महत्वपूर्ण मुलुक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल र संयुक्त राज्य अमेरिकाबीच सन् २०११ मा व्यापार तथा लगानी कार्यढाँचा सम्झौता (टिफा) सम्पन्न भएको र उक्त सम्झौताअन्तर्गतको टिफा काउन्सिलको बैठकमा नेपाल सरकारका तर्फबाट यस मन्त्रालयले नेतृत्व गर्दै आएको छ ।"

सो काउन्सिलको छैटौं बैठक सन् २०२३ को मे १९ मा काठमाडौंमा आयोजना भएको थियो । उक्त बैठकमा द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धनका विभिन्न विषयमा छलफल भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "टिफा काउन्सिलको सातौं बैठक निकट भविष्यमा अमेरिकामा आयोजना हुने अपेक्षा लिएको छु ।"



भूकम्पपछि नेपालको आर्थिक पुनरुत्थानमा सहयोग पुऱ्याउन अमेरिकी सरकारले नेपाल व्यापार प्राथमिकता कार्यक्रममार्फत नेपालका ७७ वटा विभिन्न वस्तुलाई सन् २०२५ को अन्त्यसम्म शून्य भन्सार महसुलमा अमेरिकी बजार प्रवेशको सुविधा प्रदान गरेको मन्त्री भण्डारीले उल्लेख गर्दै भन्नुभयो, "तत्कालीन विपद्को समयमा अमेरिकी सरकारले नेपाललाई प्रदान गरेको यस सुविधाका लागि उच्च प्रशंसा गर्न चाहन्छु ।"

युएसआइडीको सहयोग एवं नेपालको निजी क्षेत्र, वित्तीय क्षेत्र र सरोकारवाला मन्त्रालयसँगको सहकार्यमा व्यापार तथा प्रतिस्पर्धी कार्यक्रम हाल कार्यान्वयनमा रहेको जनाउँदै उहाँले यस कार्यक्रममार्फत नेपालको लघु, साना तथा मझौला व्यवसायीको व्यावसायिक क्षमता विकास एवं अमेरिकी तथा युरोपेली बजारमा नेपाली वस्तु निर्यात गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालको भूपरिवेष्ठित अवस्थिति, साँघुरो उत्पादनमूलक क्षेत्र र न्यून उत्पादन क्षमता तथा उत्पादकत्वलाई मध्यनजर गरी नेपाल व्यापार प्राथमिकता कार्यक्रमलाई निरन्तरता दिनका लागि राजदूत थम्सनमार्फत मन्त्री भण्डारीले अमेरिकी सरकारसँग आग्रह गर्नुभयो । अमेरिकाबाट नेपालमा सूचना, सञ्चार तथा प्रविधि, ऊर्जा, कृषि लगायतका क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "नेपालमा गत अप्रिलमा ५० भन्दा बढी मुलुकका लगानीकर्ताको उत्साहप्रद सहभागितासहित लगानी सम्मेलन सम्पन्न भएको छ, सो सम्मेलनको पूर्वसन्ध्यामा नेपाल सरकारले विभिन्न सात वटा कानूनमा संशोधन गरी लगानी वातावरणलाई थप सहज बनाउने प्रयास गरेको छ ।"

साथै मन्त्री भण्डारीले पछिल्ला वर्षमा लगानी तथा व्यवसायसम्बन्धी प्रक्रियागत सरलीकरणमा समेत उल्लेखनिय सुधार भएको जनाउँदै नेपालमा थप अमेरिकी लगानी बढ्ने विश्वास व्यक्त गर्नुभयो । जलविद्युत् तथा अन्य हरित ऊर्जा, सूचना तथा प्रविधि, पर्यटन, उत्पादनमूलक र अन्य क्षेत्रमा लगानी वृद्धिका उहाँले अमेरिका सरकारसँग अपेक्षा गर्नुभयो ।

सो क्रममा राजदुत थम्सनले शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, कृषि र वातावरणलगायतका विभिन्न क्षेत्रमा सहकार्य जारी रहने बताउनुभयो । विगतमा रोक्का हुने भनिएको युएसएआइडीको कार्यक्रम निरन्तर हुने जनाउँदै उहाँले नेपाल र अमेरिकाबीच सन् २०११ मा सम्पन्न व्यापार तथा लगानी कार्यढाँचा सम्झौता (टिफा)को बैठक आगामी सेप्टेम्बर १६ र १७ मा नेपालमै बस्ने बताउनुभयो । साथै उहाँले नेपाल व्यापार प्राथमिकता कार्यक्रममार्फत नेपालका ७७ वटा विभिन्न वस्तुलाई अमेरिकी बजार प्रवेशको सुविधा सन् २०२५ को अन्त्यसम्म मात्र शून्य भन्सार महसुल लगाउने म्याद रहेकामा त्यसलाई थप गर्न पहल गर्ने आश्वासन दिनुभयो ।रासस

## हरेक नागरिकमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउने गरी काम गरौँः मन्त्री यादव

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले आमनागरिकको घरघरमा शुद्ध खानेपानीको सहज पहुँच पुऱ्याउने गरी काम गर्न निर्देशन दिनुभएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा मंगलबार आयोजित आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा गोष्ठीमा मन्त्री यादवले हरेक नागरिकलाई शुद्ध खानेपानीको पहुँचमा ल्याउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जनताको शुद्ध खानेपानी खाने यस समस्याको दीर्घकालीन समाधानका लागि काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "जलवायु परिवर्तनका कारण तराईका क्षेत्रमा चापाकल सुकेर पानी आउन बन्द भएको छ, आकाशे पानी परेका बेला पानी आउने गरे पनि फेरि चापाकल सुक्ने समस्या छ । पहाड, तराई र हिमालमा खानेपानीको समस्या छ ", उहाँले भन्नुभयो, "यस्ता समस्या समाधान गरी सबै क्षेत्रका जनतालाई शुद्ध पानी खुवाउनु हाम्रो काम हो । त्यसैले



सपना सबै मिलेर पूरा गर्नुपर्छ । यस क्षेत्रमा आवश्यकपर्ने बजेटका लागि मैले पहल हरसम्भव प्रयास गर्नेछु ।"

मन्त्री यादवले जलवायु परिवर्तनलगायत कारण तराईलगायतका क्षेत्रमा खानेपानीका स्रोत सुक्दै जानु चिन्ताको विषय भएको भन्नुहुँदै सबै मिलेर काम गरौँ, पक्कै सफलता मिल्ने छ ।"

यसैगरी मन्त्री यादवले गरीब, निमुखा तथा दिनभरि मजदुरीगरी पेट पाल्दै आएका नागरिकलाई कसरी शुद्ध खोनेपानी वितरण गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिन आग्रह गर्नुभयो ।रासस


# जसरी पनि यो सरकारलाई सफल बनाउनुपर्छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक गम्भीर परिस्थितिबाट गुज्रिरहेका बेला दुई प्रमुख दलको सहकार्यमा वर्तमान सरकार गठन भएकाले यसलाई कुनै हालतमा पनि सफल बनाउनुपर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवहरुलाई निर्देशन दिँदै प्रधानमन्त्री ओलीले अघिल्लो सरकारबाट जनचाहनाअनुसार काम हुन नसकेको र जनतामा निराशा छाएकाले दुई प्रमुख पार्टीको अगुवाइमा सरकार परिवर्तन गर्नुपरेको आफूले सदनमा विश्वासको मत माग्ने क्रममा पनि स्पष्ट पारिसकेको स्मरण गराउनुभयो । "यी दुई पार्टी मुलुकको आर्थिक, सामाजिक रुपान्तरणमा विशेष योगदान दिँदै आएका पार्टी हुन् । राणाकालदेखि राजतन्त्रसम्मको आन्दोलन लडेर आएका यी पार्टी मुलुकको विकास र परिवर्तनका लागि सधैँ मुख्य भूमिकामा छन् । त्यसकारण यो सरकारको काँधमा असाधारण जिम्मेवारी छ । यसलाई असफल हुने छुट छैन र कुनै हालतमा असफल हुन दिइँदैन ।"

उपप्रधानमन्त्री, मन्त्रीगणलगायत विशिष्ट पदाधिकारी सहभागी बैठकमा प्रधानमन्त्री ओलीले भन्नुभयो, "असफल हुँदैन भनेर हामी हातमा हात बाँधेर आरामले बसेर हुँदैन । हामीले सफलताको सङ्केत चालु आर्थिक वर्षमा

> "कर्मचारी ढुक्कले काम गर्नुस्, त्यसको जिम्मेवारी सरकारलेलिनेछ," प्रधानमन्त्री ओलीले भन्नुभयो ।



दिनुपर्छ । अर्को आर्थिक वर्षमा अझ धेरै काम गर्नुपर्छ । यो सरकार 'एक्सन ओरिएन्टेड' हो । देशका लागि केही गरौँ भन्ने अठोट भएको सरकार हो । यसले को पक्ष को प्रतिपक्ष भन्ने आधारमा भेदभाव गर्दैन । बिना आग्रह मूल्याङ्कन गरेर निर्णयमा जान्छ ।" यो सरकार पनि कति दिन चल्ने हो र भनेर भ्रम फैलाउनेलाई लक्ष्य गर्दै प्रधानमन्त्री ओलीले आफूले सहमतिबमोजिम दुई वर्ष पुग्नु एकदिन अघि राजीनामा दिने र त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्नुहुने बताउनुभयो । "त्यसकारण यो सरकार ढल्ने त के ढलपल पनि हुँदैन । कर्मचारी ढुक्कले काम गर्नुस्, त्यसको जिम्मेवारी सरकारले लिनेछ," प्रधानमन्त्री ओलीले भन्नुभयो । उहाँले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाबमोजिम जनतामा प्रभावकारी सेवा प्रवाह गर्न, भोकमरी, र कुशासन हटाउँदै विकासको गतिलाई तीव्रता दिन योजनाबद्ध ढङ्गले काम गर्न निर्देशन दिनुभयो ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।







टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### चलायमान कसका लागि ?

जनमत पार्टीको नेतृत्व र नेकपा एमाले , नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादीका समर्थन र साझेदारीमा बनेको मधेश प्रदेश सरकार साझा दायित्वबोध भन्दा जनमत पार्टीकै सरकार जस्तै पार्टीले निर्देशन गरेअनुसार चलायमान हुन प्रयासरत छ । सत्ता साझेदार अन्य दलको गतिविधि शून्य देखिएको छ । बजेट विनियोजनका पानाहरु गहन रुपले हेर्दा जनमतपार्टीबाट सप्तरी निर्वाचन क्षेत्र अन्तर्गत प्रतिनिधित्व गरेका सांसदको क्षेत्रमा त्यो जिल्लाका अन्य क्षेत्रभन्दा पचासी प्रतिशत बजेट विनियोजन गरेको रातो किताबमा छ भने त्यस्तै अन्य जिल्लाका हकमा धनुषा जिल्लामा तुलनात्मक रुपले न्यून विनियोजन गरी असमानताको प्रदर्शन गरिएको छ । हुन त यो नेकपा एमाले , नेकपा समाजवादी ,र नेकपा माओवादी केन्द्र र साना दलको साझेदारी मस्तिष्कले निर्माण गरेको बजेटको परि दृश्य हो । त्यसबखतका अर्थमन्त्रीले अनेक प्रपञ्च गरी कहिले बजेट प्रणाली ह्याक जस्ता मनगढन्त अवस्थाको नाटकीयता प्रस्तुत गर्दा अन्य दल त्यस प्रकरणमा प्रारम्भमा नीतिगत प्रश्नका सँग प्रदेशसभामा दबाब पनि सिर्जना गर्दा वितरणमा पुनः विचारपछि साम्य आवेग यसका अवयव छन् । असमान बजेट बिनियोजनका मुख्य पात्र त्यसबखतका अर्थमन्त्रीको क्षेत्रमा बजेट विनियोजनका क्रमसंख्या गणन र मनन योग्य छ । विगतमा त्यही पात्रले जसपा नेपालको नेतृत्वका मुख्यमन्त्रीलाई संसारमा नभएको व्यवस्था मिडिया काउन्सिलमा उमेरको हद कायम गराइ काउन्सिललाई औचित्यविहीन बनाएका पल उनेकै उपज भएको मानिन्छ । बजेटका पानामा जनमतका अध्यक्षको परिकल्पनालाई साकार तुल्याउन ओशो आश्रम , कोडिंग आर्मी , थिंगटयांक , आर्ट स्टुडियो स्थापना , खुला शिक्षिक पार्क , माटो पार्क , पर्यटकीय पार्क , साइन्स पार्क , प्लेनेटोरियम स्थापना लगायतका योजनाको कार्यान्वयन सारथीका रुपमा जनमत पार्टीका अध्यक्षको सक्रियता र मुख्यमन्त्रीको त्यसलाई साकार तुल्याउन अवलोकन , भाषण जस्ता पक्ष तीव्र छ । मुख्यमन्त्रीले नयाँ गठबन्धनको सरकारका साझेदारभन्दा आफ्ना दलसँग आस्था राख्नेलाई विभिन्न आयोगमा मनोनयन गरिरहेका छन् । जनमतकै सरकार भएको अनुभूति गराउने क्रियाकलाप अधिक देखिएको छ । जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरेको दिनहरुको समीक्षा पनि गरेको छ र जनमत पार्टीको लक्ष्यलाई पूरा गर्न सरकारलाई चलायमान बनाउन दिएको निर्देशनले पनि दलको प्रभुत्वलाई प्रष्ट गर्छ । कुनै पनि दलको बहुमत नभएको धरातलीय अवस्था भन्दा पृथकको मानसिकता एवं क्रियाकलाप समग्रमा जनहितकारी हुन सक्दैन । संघीयताको भावना अनुरुप सहकार्य , सहअस्तित्वको अंगीकार नै सरकारको सफलताको संजीवनी बन्न सक्छ । अतः सरकारको नेतृत्वकर्ता कुनै दल विशेषका लागि चलायमान हुनु हुँदैन ।

# भोटमा नुन बोक्दाका कथाव्यथाको साक्षी हो गुरुङ सम्पदा पदमार्ग

**वासुदेव पौडेल**

पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै बृहत् पोखराको अवधारणासहित पोखरा आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकास हुनुपर्ने विषय उठिरहेको अवस्थामा कास्कीको मादी गाउँपालिकाको ताङतिङदेखि मनाङको तिमाङ जोडिने गुरुङ सम्पदा पदमार्ग घोषणा भएको छ ।

सडक सञ्जालको विकाससँगै पर्यटकीय पदमार्ग हराउने र छोटिने क्रम बढिरहेका अवस्थामा गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशको संयोजन एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र कास्कीको मादी गाउँपालिका, लमजुङको क्होलासोथर र मर्स्याङ्दी गाउँपालिकाका साथै मनाङको चामे गाउँपालिकाको सहयोगमा स्थलगत अध्ययन अनुसन्धानपछि पदमार्गको औपचारिक रुपमा घोषणा गरिएको हो ।

पदमार्गको अध्ययन एवम् अनुसन्धानका लागि गुरुङ पर्यटन व्यवसायी सङ्घ, नेपाल गण्डकी प्रदेशको आयोजनामा यही जेठ २१ देखि ३० गतेसम्म उक्त पदमार्गको खोज तथा अनुसन्धान कार्य सम्पन्न गरिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले जानकारी दिनुभयो । “हामीले पदमार्ग योजनामा काम गरिरहेका इन्जिनियर, अन्वेषक, जिपिएस एक्सपर्ट सञ्चारकर्मी, सङ्घका पदाधिकारी, पर्यटक पथप्रदर्शक तथा सहयोगीसहित ३७ जनाको समूहले यस पदमार्गको स्थलगत रुपमा नै खोज तथा अनुसन्धान गरेका हौँ”, उहाँले भन्नुभयो । अध्ययनले यो पदमार्ग सफल हुने सम्भावना उच्च रहेको निष्कर्ष निकालेको उल्लेख गर्दै उहाँले यस पदमार्गमा गर्नुपर्ने सुधार तथा निर्माण कार्यहरूको विस्तृत परियोजना प्रतिवेदन पनि तयार पारिएको बताउनुभयो ।

उहाँका अनुसार प्रकृति, संस्कृति र इतिहासको सङ्गमका रुपमा रहेको यो पदमार्ग पदयात्रामा जाने जो कोहीलाई पनि मोहित बनाउन सक्नेछ । यहाँको ऐतिहासिक तथा पुरातात्विक महत्वलाई असर नपर्ने गरी प्राकृतिक सुन्दरता र जैविक विविधतालाई हानी नपुग्ने गरी यस पटकीय पदमार्गको विकास र प्रवर्द्धन गर्नुपर्ने सङ्घको जोड रहेको उहाँले बताउनुभयो ।

यस पदमार्गले दुईवटा ऐतिहासिक विरासतलाई बोकेको सङ्घका संस्थापक अध्यक्ष बोरबजङ्ग गुरुङ बताउनुहुन्छ । यसै पदमार्गको बाटो भएर गण्डकी प्रदेशको एक प्रमुख आदिवासी समुदाय तमु (गुरुङ) का पुर्खाहरू अहिलेका बस्तीहरुमा फैलिएको भनाइ रहेको उहाँले बताउनुभयो । “गुरुङ समुदायको प्ये ल्हु ताँ मा मात्रै नभई क्होलासौँथरमा विभिन्न चरणमा स्वदेशी, विदेशी विशेषज्ञहरूले गरेको पुरातात्विक अध्ययनले पनि यहाँको ऐतिहासिकता पुष्टि गरेको छ”, उहाँले भन्नुभयो । क्होलासौँथरको पुरातात्विक महत्वका भग्नावशेषहरुको संरक्षण गरेर पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकेमा स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्न सकिने उहाँको भनाइ छ ।

दोस्रो ऐतिहासिक विरासतका रुपमा कास्की र लमजुङका गाउँहरूमा अझै पनि मनाङ भोटको नुन बोक्दाका कथा व्यथा सुन्न पाइने उहाँले बताउनुभयो । “अहिले खोज गरिएको यो पदमार्ग नै तत्कालीन समयको नुनको व्यापारिक बाटो भएको उजागर भएको छ”, उहाँले भन्नुभयो, “वर्तमानमा पनि पदमार्गमा भेटिने बिसौनी तथा चौतारीहरू नुनको व्यापारिक मार्गको जीवन्त साक्षी बनेका छन् ।”खोज तथा अनुसन्धानका क्रममा एउटा मूल पदमार्गसहित एक दर्जनभन्दा बढी आवश्यकता र चाहनाअनुसार सञ्चालनमा ल्याउन सकिने सहायक पदमार्गहरू पहिचान गरिएको उहाँले बताउनुभयो । यी पदमार्गहरूमा पर्यटकले पाँचदेखि १० दिनसम्म बिताउन सक्ने उहाँको भनाइ छ ।

पोखराबाट मादी गाउँपालिकाको पर्यटकीय गाउँ ताङतिङ हुँदै ऋपु डाँडा, तप्रो, क्होलोसौँथर, ठूलेक, थुर्जु, दूधपोखरी, गुरुङ देउराली (नामुन पास) डाँफेखर्क हुँदै मनाङको चामे गाउँ पालिकाको तिमाङसम्म पुग्न सकिने गरी पदमार्गको पहिचान गरिएको हो । यही पदमार्गमा कास्कीका सिक्लेस, याङजाकोट, नागिधार, थाकलगायत



गाउँका साथै लमजुङको घलेगाउँ, घनपोखरा, भुजुङ, सिङ्दी, पसगाउँ, गिलुङ, घाम्राड, टक्सार, सिउरुङलगायत गाउँहरूबाट सुरु गरेर यिनैमध्येका विभिन्न गाउँमा आवश्यकता र चाहनाअनुसार छोटो तथा लामो दूरीका पदमार्गलाई प्रयोगमा ल्याउन सकिने उहाँले बताउनुभयो ।

**एक हजार ६ सय मिटरदेखि चार हजार नौ सय १० मिटर उचाइमा पदमार्ग**

भौगोलिक अवस्थितिका दृष्टिले यो पदमार्ग समुद्री सतहबाट एक हजार ६ सय मिटर उचाइको ताङतिङदेखि सुरु भई पदयात्राको उच्चविन्दु चार हजार नौ सय १० मिटर उचाइको गुरुङ देउराली (नामुन भञ्ज्याङ) सम्म रहेको छ । ताङतिङदेखि पछि पदयात्रीहरूको बास तीन हजारभन्दा माथिको उचाइमा हुन्छ । ताङतिङबाट माथि गइसकेपछि तीन हजार मिटर उचाइको कर्पुडाँडादेखि पदयात्रीहरूले धेरै उकालो र ओरालो नगरी तिमाङसम्म पुग्ने संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो ।

पदमार्ग क्षेत्रमा नै पर्ने चार हजार पाँच सय ८५ मिटर उचाइको धार्मिक महत्वको दूधपोखरी यहाँको विशिष्ट धार्मिक गन्तव्य पनि हो । यहाँको दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण यसको महत्व अझै चुलिएको छ । प्रशस्त खोला तथा मनोरम पोखरीसँगै ठूलाठूला खर्क र पाटनहरू रहेको पदमार्गबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लुजस्ता हिमशृङ्खलालाई नजिकैबाट अवलोकन गर्न सकिनु यहाँको विशिष्टता हो ।

प्रकृतिसँगै संस्कृतिलाई पनि जोड्ने यस पदमार्गको प्रवेश गर्नेदेखि पदयात्रा समाप्त गर्ने स्थानमा गुरुङ गाउँ पर्दछन् । ती गाउँहरुमा घरवास सञ्चालनमा रहेका छन्भने घाँटु, सोरठी, कृष्ण चरित्र, आमा समूहका नाच प्रचलनमा रहेका छन् । साथै गुरुङ समुदायको गाउँ, बसोबास तथा रहनसहन पनि यहाँका पर्यटकीय आकर्षण हुन् ।प्राचीन नुन व्यापारको मार्ग, क्होलासौँथरको ऐतिहासिकतासँगै तत्कालीन समयमा धर्मशाला र बिसौनीका भग्नावशेषले यहाँको प्राचीन गरिमा र महत्वलाई अझै उजागर गरेका छन् । त्यस्तै, कास्की, लमजुङ मनाङका भेडा, गाई, भैँसी तथा चौँरीको गोठ बस्ने खर्क, गोठाले जीवनको रहनसहनलाई पनि प्रत्यक्ष देख्न र अनुभव लिन पाइन्छ ।

**जैविक विविधताले सम्पन्न**

यो पदमार्ग जैविक विविधताको अध्ययन अवलोकन गर्न चाहनेका लागि पनि उत्तिकै महत्वपूर्ण छ । पहाडी, उच्च पहाडी र हिमाली क्षेत्रको हावापानीमा पाइने औषधीजन्य वनस्पति, जीवजन्तु र चराचुरुङ्गीले पनि यहाँको महत्व अझै बढाएको छ । यस पदमार्गमा यार्सागुम्बा, जटामसी, सतुवा, पाँच औँले, वन लसुनजस्ता धेरै प्रजातिका जडीबुटी पाइन्छ भने ठाउँठाउँमा हावापानी अनुसारका लालीगुराँस तथा विभिन्न

> गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनमा महत्वपूर्ण सम्भावना रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नवीन पोखरेल बताउनुहुन्छ ।

लेकाली फूलहरू प्रत्यक्ष अवलोकन गर्दै हिँड्न सकिन्छ । डाँफे, मुनाललगायत चराचुरुङ्गीको चिरविराहट सुन्दै पदयात्रा गर्न पाइनुले यहाँको महत्वलाई अझै बढाएको छ ।यस पदमार्गमा पदयात्रासँगै कर्पुडाँडामा प्याराग्लाइडिङ, ठूलेकमा स्की खेलका साथै यससँग जोडिएका छ हजार मिटरभन्दा कम उचाइका हिमालहरूमा आरोहण तालिम समेत सञ्चालन गर्न सकिने संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो ।

गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशले स्थलगत रुपमा गरेको खोज तथा अनुसन्धानसँगै तीनवटै तहका सरकार एवम् पर्यटनसम्बद्ध क्षेत्रका लागि यस पदमार्गको प्रवर्द्धन र विकासका लागि केही सुझावहरू समेत प्रस्तुत गरेको सङ्घका महासचिव तुल गुरुङले बताउनुभयो । उहाँका अनुसार पदमार्गमा ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरूको रहेको तथा जैविक विविधताको भरि पूर्ण रहेकाले ती ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूमा पर्न सक्ने नकारात्मक असरहरुलाई दृष्टिगत गरी विस्तृत गुरुयोजना बनाएर त्यसै अनुसार पदमार्गको विकास तथा प्रवर्द्धन गर्नुपर्ने सिफारिस गरिएको छ ।

तीनवटै तहका सरकारले यस पदमार्गमा भविष्यमा सडक सञ्जालको विस्तार नगरी पदमार्गकै रुपमा विकास गर्नुपर्ने उहाँले बताउनुभयो । पदमार्गको केही स्थानमा बाटो मर्मत गर्नुपर्ने, केही खोलामा झुलुङ्गे पुल हाल्नु पर्ने, केही स्थानका बाटोमा रेलिङ हाल्नुपर्ने उल्लेख गर्दै सङ्घले यसतर्फ यथाशीघ्र स्रोतको व्यवस्थापन गर्नुपर्ने र पदमार्गमा होटलहरूको व्यवस्था नभएको कारण हावापानी र स्थानीय संस्कृति अनुरुपका सेल्टर हाउस बनाउनुपर्ने सुझाइएको छ ।

त्यस्तै, पदमार्गको सूचनापाटी कतिपय बिग्रिए भत्किएको अवस्थामा रहेको तथा कतिपयमा गलत सूचना समेत रहेको भेटिएको हुँदा सूचना पाटीहरू, पथप्रदर्शन गर्ने पोललाई मर्मत तथा नयाँ स्थापना गर्नुपर्ने भनिएको छ । जलवायु परिवर्तनलगायत विभिन्न कारणले गर्दा पानीका मुहान सुक्ने तथा भएको मूल पनि सानो भएको हुँदा ती मुलको संरक्षण तथा आवश्यक स्थानमा पानीको स्थायी व्यवस्था गर्नुपर्ने, पदमार्गमा रहेका क्होलासौँथरलगायत पुरातात्विक महत्वका क्षेत्रको उत्खनन र संरक्षणका लागि विशेष ध्यान दिइनुपर्ने सङ्घले सुझाव दिएको छ ।

पदमार्ग क्षेत्रका पुरातात्विक वस्तुको सुरक्षाका लागि विशेष पहल गरिनुपर्ने, पदमार्गको प्रवेशविन्दुका रुपमा रहेका गाउँमा रहेको सांस्कृतिक अवयवहरू लोप हुने अवस्थामा रहेको हुनले तिनीहरूको संरक्षण र पुनःस्थापनाका लागि विशेष पहल गर्नुपर्ने, भिर मौरीको मह काढ्ने, राडीपाखी बुन्ने तथा पशुपालनलायत परम्परागत पेसा र जनजीवनलाई पर्यटकीय गतिविधिसँग जोडेर विकास गर्नका लागि पहल थाल्नुपर्ने सुझावमा उल्लेख छ । पदमार्गमा पशुचौपाया हिँडेमा त्यसले पदमार्गलाई चाँडो बिगार्ने भएकाले पशुचौपायाका लागि छुट्टै बाटोको व्यवस्था गर्नुपर्ने भनिएको छ ।

गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनमा महत्वपूर्ण सम्भावना रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नवीन पोखरेल बताउनुहुन्छ । “पदमार्गको खोज र अन्वेषणको सुरुआतमा पनि बोर्डले प्रवर्द्धनका लागि सहयोग गरेको हो”, उहाँले भन्नुभयो, “यसको प्रवर्द्धन र विकासका लागि आगामी दिनमा पनि पर्यटन सम्बद्ध सङ्घसंस्थाको सहकार्यमा हामीले अघि बढाउँछौँ ।” स्थानीय संस्कृति र सम्पदाको संरक्षणका लागि प्रथमतः स्थानीयको नै जागरुकता आवश्यक रहेको उहाँको भनाइ छ ।रासस

# इतिहासका मूर्धन्य व्यक्तित्वः तुलसीराम वैद्य



**प्राडा विष्णु सापकोटा**

त्रिभुवन विश्वविद्यालय इतिहास केन्द्रीय विभागको विभागीय प्रमुखदेखि लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकूलपति समेत रहिसक्नुभएका इतिहास विषयका प्राध्यापक डाक्टर तुलसीराम वैद्य एक बौद्धिक व्यक्तित्व हुनुहुन्छ । १९९६ फागुन १७ गते काठमाडौँको बौद्धिक परिवारमा जन्मिनुभएका प्राडा तुलसीराम वैद्यलाई स्कूल जीवनदेखि नै इतिहास विषयको अध्ययनमा रुचि जागेको थियो ।

अत्यन्तै सरल, शालीन, मृदुभाषी, सुसंस्कृत सभ्य तथा दयालु स्वभावका प्राडा वैद्य इतिहासका विषयमा नै अध्ययन-अनुसन्धान तथा प्रकाशन गर्ने कार्यमा निरन्तर लागिरहनुभयो । यस विषयको आवश्यकता र महत्व ठानेर उहाँले आफ्ना शोधार्थी विद्यार्थीलाई प्रेरणा दिई रहनुहुन्थ्यो । वैद्यसर नेपाली इतिहास विधाका एक प्रतिष्ठित मूर्धन्य विद्वान हुनुहुन्थ्यो ।

इतिहासको क्षेत्रमा उहाँले पुर्‍याउनुभएको योगदानले राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको इतिहास लेखन विधा अगाडि बढेको थियो । उहाँले गर्नुभएको अध्ययन अनुसन्धान अन्वेषण तथा उहाँबाट प्रकाशित कृतिहरुलाई सबैले चर्चा गरेका छन् । कतिपय विद्वानले उहाँलाई एक सबल अनुकरणीय प्राध्यापकका रुपमा समेत चर्चा गरेका छन् ।

उहाँले भन्ने गर्नुहुन्थ्यो, ‘आफ्नो जीवनको अमूल्य सम्पत्ति एवं आर्जन नै मेरा विद्यार्थी हुन् ।’ त्रिविको प्राध्यापन सेवामा काम गर्ने विद्यार्थीले विद्यावारिधि नगरी हुन्न भन्ने वास्तविकता बोध गराई शोधार्थीलाई हौसला प्रेरणा दिएर कुशल पथप्रदर्शक बनी आफ्नै निर्देशनमा २२ जना शोधार्थीलाई विद्यावारिधि गराउनुभयो । नेपालमा राष्ट्रिय इतिहास लेखन कार्य गर्नुपर्दछ भनी आवाज उठाइरहनु हुने वैद्यसरले आफ्नो जीवनकालमा नेपालकै अधिकांश इतिहाससम्बन्धी जर्नलहरु, पत्रपत्रिका, अनुसन्धानात्मक जर्नलहरुमा करिब ९० भन्दा बढी इतिहास विषयका साधारण अनुसन्धानात्मक लेखहरु प्रकाशित गरिसक्नुभएको छ ।

उहाँले नेपालको इतिहास विषयमा अध्ययन गर्ने शोधार्थी, विद्यार्थी र नेपालको इतिहासबारे जानकारी राख्ने पाठकलाई इतिहास विषयका पुस्तकको अभाव भएको महसुस गरी अनुसन्धान गरी अङ्ग्रेजी तथा नेपाली भाषामा एक्लै एक दर्जनभन्दा बढी पुस्तक प्रकाशन गर्नुभएको छ । उहाँले लेख्नुभएका पुस्तकहरु प्रायःजसो अनुसन्धानात्मक रहेका छन् । ती पुस्तकहरुमा एडभान्स हिस्ट्री अफ नेपाल, पृथ्वीनारायण शाहः फाउन्डर अफ मोडर्न नेपाल, जयप्रकाश मल्ल, किङ् अफ कान्तिपुर, डा आर रेग्मीः एज अ हिस्टोरियन एन्ड एसिसमेन्ट जस्ता छन् । ती पुस्तकहरु इतिहासकार तथा पाठक, शोधार्थी तथा विद्यार्थीका लागि महत्वपूर्ण सामग्रीका रुपमा रहेका छन् ।

वैद्य सरले नेपालको इतिहासको अध्ययन गर्न चाहने पाठक, विद्यार्थी, शोधार्थीका लागि सहज होस् भनी नेपालको इतिहासका समग्र जानकारी दिने अवधारणाले स्थलगत अध्ययन र अनुसन्धान गरी नेपाली भाषामा करिब एक दर्जनभन्दा बढी पुस्तक संयुक्तरुपमा प्रकाशित गर्नुभएको छ । तीमध्ये केही महत्वपूर्ण पुस्तकहरुमा भक्तपुर राजदबारको इतिहास, आधुनिक नेपालको इतिहासका केही पानाहरु, गोरखा राज्यको स्थापना, द्रव्य शाहको ऐतिहासिक कार्य, मध्यकालीन नेपालको प्रशासनिक इतिहास, आधुनिक नेपालको रजानीतिक इतिहास, नेपालको सैनिक इतिहास, नेपाल प्रहरीको इतिहास, गोरखाको ऐतिहासिक सामग्री, रणजीत मल्लकालीन कागजपत्र, नेपाल स्टडी अफ सोसियो इकोनोमिक एन्ड पोलिटिकल चेन्ज, नेपालको राजनीतिक इतिहासहरु हुन् ।

उहाँको यी पुस्तकबाट नेपालको मध्यकालदेखि आधुनिककालसम्मको इतिहास लेखनमा भएका कमीकमजोरी हटाउने काम समेत गर्नुभएको छ । यसले स्वदेशी तथा विदेशी लेखकहरुलाई समेत त्यसबेलाका बारेमा जानकारी गराउने महत्वपूर्ण पुस्तकहरु पाठकमाझ पस्केर नेपालको इतिहास लेखनमा नयाँ आयाम थप्नुभएको छ ।

उहाँले अध्ययन गर्ने समयमा नेपालमा एमए तहको पढाइ नहुने भएकाले नेपालका क्याम्पसबाट बीएको अध्ययनपश्चात् एमए इतिहास पढ्न भारतको अलहावाद जानुभयो । अलाहवाद विश्वविद्यालयबाट एमएको अध्ययन पूरा गरी नेपाल फर्किनुभयो । नेपालमा भर्खरैमात्र त्रिविको स्थापना भएको थियो । उहाँ प्राज्ञिक पेसामा संलग्न भई २०१७ सालदेखि दरबार कलेजबाट इतिहास विषयको अध्यापन कार्यमा संलग्न हुनुभयो । त्यसपछि क्रमशः इतिहास केन्द्रीय विभागमा प्राध्यापन गर्ने काम आरम्भ गर्नुभयो ।

समयको अन्तरालसँगै इतिहास विषयमा अध्ययन/अनुसन्धान गर्नुपर्ने आवश्यकता ठानी आफ्नो ज्ञानको क्षितिजलाई बढाउन सो विषयमा शोध गर्नुपर्ने आवश्यकता बुझी सोही विषयमा अनुसन्धान गरी भारतको अलाहवाद विश्वविद्यालयबाट सन् १९७४ मा विद्यावारिधिको उपाधि हासिल गर्नुभयो । विद्यावारिधिपश्चात् इतिहासका विविध विषयमा अनुसन्धान गर्ने, अनुसन्धानात्मक लेखहरु, पुस्तकहरु लेख्ने र प्रकाशन गर्न, प्राध्यापन गर्ने, इतिहास लेखनमा भएका कमजोरीलाई हटाउने कार्यमा लागिरहनुभयो ।

इतिहास सत्यतथ्य घटना र विवरणको सङ्कलन र विश्लेषण हो । विगत तथा वर्तमानमा घटेका घटनाहरुको सम्बन्ध मानवका विगतका घटना र वर्तमानका क्रियाकलाप तथा राष्ट्रको भविष्यसँग जोडिएको हुन्छ । यसर्थ इतिहास विषयको अध्ययनलाई विज्ञानको अध्ययन समेत भनिन्छ । इतिहासकारको लक्ष्य नै वैज्ञानिक दृष्टिकोणबाट अध्ययन तथा अनुसन्धान गरी सत्यतथ्य इतिहास जनसमक्ष ल्याउनु हो । वैद्यसरले यही कार्यलाई निरन्तरता दिनुभयो ।

प्राडा वैद्य बहुमुखी विद्याका व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले इतिहास विषयको अनुसन्धान एवं प्रकाशन कार्यमात्र नभएर त्रिभुवन विश्वविद्यालयका विभिन्न प्राज्ञिक एवं प्रशासनिक विद्यामा समेत आफूलाई समर्पण गर्नुभयो । खासगरी उहाँले त्रिवि राष्ट्रिय विकास सेवाको निर्देशक, इतिहास केन्द्रीय विभागको चारपटक विभागीय प्रमुख, विश्वविद्यालय क्याम्पसको सदस्यसचिव (क्याम्पस प्रमुख), त्रिवि मानविकी सङ्कायको डिन, त्रिविको परीक्षा नियन्त्रक तथा लम्बिनी बौद्ध विश्वविद्यालयको उपकूलपति जस्ता प्राज्ञिक पदमा बसेर आफ्नो कार्यकालमा कुशलतापूर्वक जिम्मेवारी निभाउनु भएको थियो । यीबाहेक अन्य विद्यालय तथा सामाजिक सङ्घसंस्थामा आबद्ध भई ती संस्थाहरुलाई संस्थागत रुपमा सबल बनाउन निरन्तर लागिरहनुभयो ।

> वैद्य सरले नेपालको इतिहासको अध्ययन गर्न चाहने पाठक, विद्यार्थी, शोधार्थीका लागि सहज होस् भनी नेपालको इतिहासका समग्र जानकारी दिने अवधारणाले स्थलगत अध्ययन र अनुसन्धान गरी नेपाली भाषामा करिब एक दर्जनभन्दा बढी पुस्तक संयुक्तरुपमा प्रकाशित गर्नुभएको छ ।

उहाँ इतिहास विषयको विषय समिति, प्राज्ञिक परिषद् तथा विश्वविद्यालयका विभिन्न प्राज्ञिक निकायहरुमा अनुसन्धानविज्ञ भई निरन्तर कार्य गरिहनुभयो भने इतिहास विषयमा अध्ययन/अनुसन्धान गरी इतिहासका प्राध्यापकको हितमा कार्य गर्दै आएको इतिहास सङ्घको संस्थापक अध्यक्ष भई निरन्तर रुपमा सङ्घलाई अगाडि बढाउन लाग्नुभयो । प्राडा वैद्य इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएको थियो । त्रिविअन्तर्गतका सबैभन्दा धेरै शोधार्थीलाई विद्यावारीधि गराउन सफल वैद्य सरले एसियाका इतिहासकारहरुको अन्तर्राष्ट्रिय सम्मेलनमा समेत नेपालको प्रतिनिधित्व गर्नुभएको थियो ।

उहाँको सबैभन्दा महत्वपूर्ण गुण भनेकै सधैँ सिर्जनशील, धैर्यवान्, जिज्ञासु र खोज कार्यमा क्रियाशील रहिराख्नु नै हो । अझ एक सबल प्राध्यापकका रुपमा समेत उहाँ परिचित हुनुभएको थियो । उहाँ सधैँ नै आफ्ना विद्यार्थीलाई एमएको अध्ययनपश्चात् अनुसन्धानमा लागेर विद्यावारिधि गर्न अभिप्रेरित गरिरहनुहुन्थ्यो । चाहे आफ्ना समकालीन साथी हुन् वा विद्यार्थी, सबैलाई विद्यावारिधि गर्नुपर्दछ, पुस्तक प्रकाशन गर्नुपर्छ भनिरहनु हुन्थ्यो । उहाँले यस आलेखका लेखकलाई समेत एमएको अध्ययनपछि त्यसै विभागमा इतिहास विषयको प्राध्यापन गर्ने कार्यमा संलग्न गराउनुभयो । उहाँको प्रेरणाले आज यस आलेखका लेखक स्वयं इतिहासको प्राध्यापकको रुपमा स्थापित भएको छु । उहाँकै प्रेरणा पाई अन्य मेरा गुरुवर्गले पनि अनुसन्धान गर्ने प्रेरणा दिइरहनुभएको थियो ।

प्राध्यापक वैद्य गुरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट आयोजित सेमिनार, गोष्ठीहरुमा कार्यपत्र प्रस्तुत गर्ने र ती गोष्ठीमा नेपालको इतिहास लेखन विधामा नयाँ परिवर्तन ल्याउने कार्यमा लाग्नुभयो । भारतका केही विश्वविद्यालयका शोधार्थीहरुको विद्यावारिधिको शोधपत्रको मूल्याङ्कन, भारतका केही विश्वविद्यालयमा नेपालको इतिहास लेखन प्राध्यापन अनुसन्धान गर्ने तौरतरिकाको जानकारी गराउनु र नयाँ विषयको खोज र अनुसन्धानलाई नेपालमा समेत ल्याउन सफल बन्नुभयो । त्रिविको थुप्रै इतिहास विषयका शोधार्थीको शोधपत्रको मूल्याङ्कनको जिम्मेवारी लिई महत्वपूर्ण बौद्धिक सुझाव दिइरहनुभयो । उहाँको स्वभाव अत्यन्तै सरल स्वभावले आफ्ना शोधार्थी तथा समकालीन साथीहरुलाई सधैँ नै विनयशीलता बनी आफ्नो घरमा होस् या कार्यालयमा भेट्न आउँदा इतिहास विषयको जिज्ञासा राख्ने साथीभाइ र शोधार्थीलाई झर्को नमानी सधैँ ज्ञान बाँडिरहनुभयो ।

प्राध्यापक डा वैद्य आफ्नो जीवनकालमा नै एक सफल प्राध्यापक हुनुहुन्थ्यो । उहाँले नेपाली इतिहासका विज्ञ भएकाले नेपाली इतिहास लेखनको राजनीतिक, प्रशासनिक, सैनिक, आर्थिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा दखल राखी तथ्यका आधारमा सही मूल्याङ्कन गरी इतिहास तयार पार्नुभयो । उहाँबाट लेखिएका पुस्तक र लेखहरु भविष्यका पुस्ताका लागि सम्झनलायक सामग्रीका रुपमा रहेका छन् । उहाँले आफ्ना शिष्यहरुको आत्मबल बढाउन तथा शैक्षिक क्षेत्रलाई उन्नतशील बनाई आफ्नो पहिचान गराउन शोधकार्यमा अग्रसर हुन र पुस्तक लेखन तथा शैक्षिक क्षेत्रमा उन्नति गर्न सधैँ प्रोत्साहित गरिराख्नुभयो ।

इतिहास तयार पार्दा नयाँ कुरा दिन सक्नुपर्दछ भन्ने उहाँको तर्क थियो । जहिले पनि इतिहास लेख्दा सत्यतथ्य घटनाका आधारमा तयार पार्नुपर्दछ भन्ने आफ्ना चेलाहरुलाई सम्झाउनुहुन्थ्यो । सच्चा अनुसन्धानकर्ताले सधैँ साँचो लेख्न र बोल्न डराउनु हुँदैन भनेर प्रोत्साहन दिइरहनु हुने वैद्य गुरुले कसैको लोभलालचमा परेर प्रमाणबिनाको इतिहास तयार पार्‍यो भने राष्ट्रको नै इतिहास बिग्रिन्छ भन्ने गर्नुहुन्थ्यो र उहाँका लेखनमा यो कुरा झल्किने गरेकाले साँच्चिकै लेखनमा निडरता र तथ्यमा आधारित कुरा मात्र लेख्ने बोल्ने उहाँको बानी नै थियो । इतिहास विषयमा अनुसन्धान गर्दागर्दै केही समय रोगले च्याप्यो र बिरामी पर्नुभयो । बिरामीकै अवस्थामा उहाँको दुखान्त निधन तुलसी रोप्ने दिन नै अर्थात् २०८१ साल साउन २ गते काठमाडौँमा भयो । उहाँको निधनबाट त्रिवि इतिहास केन्द्रीय विभाग र अन्य सामाजिक प्राज्ञिक सङ्घसंस्था तथा राष्ट्रले नै एक होनाहार सशक्त इतिहासकार तथा इतिहासको विद्यार्थीका लागि आफ्ना अभिभावक गुमाएको छ । (लेखक इतिहास केन्द्रीय विभाग, त्रिवि कीर्तिपुरका विभागीय प्रमुख हुनुहुन्छ)रासस

# सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई आशातीत तुल्याउनेगरी सेवा प्रवाह चुस्त र प्रभावकारी बनाउन सरकारका सचिवहरूलाई निर्देशन दिनुभएको छ ।

सिंहदरबारमा मंगलबार सचिवहरूलाई निर्देशन दिँदै उहाँले सरकारबाट जनता निराश हुनुपर्ने खालको रवैया अन्त्य गरिनुपर्ने बताउनुभयो । “कर्मचारी सेवा गर्न बसेको हो, शासन गर्न बसेको होइन, हामीले जनतासँग नरम व्यवहार गरेर सेवा दिनुपर्छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “नागरिक एप्सका माध्यमबाट पनि सेवा व्यवहारिक र प्रभावकारी बनाउन सकिन्छ । त्यसैले कुनै पनि नागरिकले सहजरूपमा सेवा पाउनुपर्छ। दुःखीगरीबलाई मान्छे नै नगन्ने प्रवृत्ति राख्नु हुँदैन । यसमा सम्बन्धित मन्त्रालय र निकायको ध्यानाकर्षण गराउँछु।”



ललितपुरको एक कार्यालयको उदाहरण दिर्दै प्रधानमन्त्री ओलीले सवारी साधन, राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत सेवा लिने ठाउँमा उभिन नसक्ने ज्येष्ठ नागरिक पनि लाइन लाग्नुपर्ने स्थिति दुःखद् हो भन्नुभयो । उहाँले सरकारबाट जनता निराश हुनुपर्ने यस्तो खालको रवैया अन्त्य गर्न निर्देशन दिनुभयो ।

**राज्यले तलव दिएको छ, भत्ता लिनु उचित हुादैन**

प्रधानमन्त्री ओलीले भन्नुभयो, “ढुक्कसँग काम गर्नुस्, यो सरकार स्थायित्वको कार्यभार लिएर आएको छ ।” उहाँले राज्यका निकायले तलव दिइएकाले बैठक आदिको भत्ता लिनु उचित नहुने बताउनुभयो ।

“मुलुकमा २० प्रतिशतभन्दा बढी जनता निरपेक्ष गरिबीको रेखामुनी छन्, आर्थिक अवस्था राम्रो छैन । हामीले देश र जनताका लागि प्रतिबद्ध भएर सेवा दिनुछ । दिनभरी काम नगर्ने, पाँच बजेपछि बैठक गरेर भत्ता लिने प्रवृत्ति छ भने अब त्यस्तो नगर्नु”, प्रधानमन्त्री ओलीले भन्नुभयो ।प्रधानमन्त्री ओलीले वर्तमान सरकार मुलुकको स्थायित्व, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र आर्थिक समृद्धिको कार्यभार लिएर अघि बढेको बताउनुभयो । नयाँ कामभन्दा पनि हाल थालिएका काम सम्पन्न गर्नेतर्फ मुख्य ध्यान हुनुपर्ने उहाँको भनाइ थियो । सरकारले जलविद्युत्को विकास र उपयोगमा ध्यान दिई इन्धन आयातका लागि खर्चने अर्बौं रकम बचाउने योजनामा जानुपर्ने प्रधानमन्त्रीले खाँचो औंल्याउनुभयो ।“इजरायल र मलेसियाले समुद्रको पानी प्रशोधन गरेर पिउने पानी बनाइरहेको छ । हामीले सगरमाथाको पानीलाई किन ब्रान्डिङ नगर्ने ?” भनी प्रश्न गर्दै प्रधानमन्त्री ओलीले कुनै पनि कुरामा ढिलासुस्ती नगर्न र समन्वय बढाउन निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, “प्रम्ट रेस्पोन्स गरिनुपर्छ। सेवा लिने नागरिकले कति टाढादेखि खर्च गरेर सरकारी कार्यालयमा आएको हुन्छ, उसको हुने काम बिना झञ्झट गरिनुपर्छ।” उहाँले अनावश्यक समिति र संरचना नबनाई कामको परिणाम देखिनेगरी देश र जनताका लागि समर्पित भएकार काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले कार्यसम्पादन र अधिकार प्रत्यायोजन ठीक समयमा गरेर पूर्णरूपमा काम गर्ने पद्धतिमा जानुपर्ने, आदेशका भरमाभन्दा कानुनबमोजिम आफैले जिम्मा लिएर काम गर्न आग्रह गर्नुभयो । उहाँले सरकार दिगो विकासका लक्ष्य पूरा गराउनुपर्ने दायित्वमा रहेको र गरिबीको अन्त्यको मुख्य निसाना हुनुपर्नेमा जोड दिनुभयो ।सम्पति शुद्धीकरणका जटिलताहरू रहेको, आफ्नै सम्पति बिक्री गर्दा पनि स्रोत देखाउनुपर्नेजस्ता स्थितिहरू छन्’ भन्दै प्रधानमन्त्रीले यस्ता अन्योल र प्राविधिक पक्षहरूलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

“काम गर्नका लागि बजेटको अभाव भन्ने कुरा आएको छ, वास्तविकता के छ ? नियमित बजेट खर्च हुने तर विकास खर्च कम हुने स्थिति देखिएको छ । जनतालाई डेलिभरी दिने विकासले हो । त्यसैले पर्याप्त पुँजीगत खर्च गरेर जानुपर्छ । सेवाग्राहीले निवेदन दिए बित्तिकै काम थाल्ने र निर्णय छिटो दिने पद्धतिमा जानुपर्छ । फाइल रोकेर राख्न मिल्दैन”, उहाँले भन्नुभयो ।

**किसानलाई समयमै भुक्तानी दिनु**

प्रधानमन्त्री ओलीले बीमा भुक्तानी, भ्याट रकम फिर्ता, किसानको दूध र उखुको मूल्यको भुक्तानी नपाउने अवस्था राम्रो होइन, समयमा भुक्तानी नदिँदा ऋण लिएर लगानी गरेकाहरू मर्कामा पर्ने र यसरी कृषिको आधुनिककरणमा पुग्न सकिँदैन भन्नुभयो ।

निर्माण सम्पन्न भइसकेका कामको ठेकेदारले पैसा नपाउने तरिका गलत भएको बताउँदै प्रधानमन्त्रीले सम्पन्न भइसकेका कामको रकम निकासा रोकिन नहुने बताउनुभयो। उहाँले भन्नुभयो, “हामी आर्थिक अनुशासनलाई पालना गरौँ। रुजु हुनेगरी काम गरौँ । अनुदानका रकमको व्यवस्थित वितरण गरौँ। व्यवसाय गर्नेलाई प्रोत्साहित गर्नुपर्छ तर व्यक्तिगतरूपमा दिइने कृषि अनुदान आदिका रकमको दुरुपयोग भएको छ, अनुगमन गरौँ ।”करका दरहरू विस्तार गर्ने कुरामा उत्साहित नहुन आग्रह गर्दै उहाँले मौद्रिक नीतिले बजारमा राम्रो उत्साह दिएकाले यसलाई काम राखेर बजारलाई चलायमान हुनेगरी जानुपर्नेमा जोड दिनुभयो ।

> प्रधानमन्त्रीले हवाइ र सवारी दुर्घटनाका घटनाहरू बढिरहेको भन्दै राजमार्गका सडकमा लामो जरा भएका बिरुवाहरू लगाउने र नयाँ निर्माण गर्दा सुरक्षित हुनेगरी डिजाइन गरिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “रेल र पानीजहाज चलाउने हाम्रो योजना छ ।

**धरहरा चाडो सञ्चालन ल्याउन निर्देशन**

प्रधानमन्त्री ओलीले बनिसकेको धरहरालाई छिटो सञ्चालनमा ल्याउन निर्देशन दिनुभयो । “धरहरा बनिसकेको छ पार्किङको व्यवस्थापन नहुँदा सञ्चालनमा आएको छैन”, उहाँले भन्नुभयो, “पार्किङको शुल्क लिएर भए पनि सञ्चालन गर्नुपर्छ। ‘मै बनाउँछु मेरो धरहरा’ अभियानमा नेपाली जनताले करोडौं रकम पनि दिएका थिए । यसको पुनःनिर्माणमा जनताको सहभागिता छ तर जनताले धरहरा चढ्न पाएनन् । कसरी हुन्छ छिटो सञ्चालनमा ल्याउन निर्देश गर्छु।”

सरकारको कार्यकाल सय दिनसम्म पुग्दा मन्त्रीहरूले अरुको आलोचना नगरी आफ्नो कामलाई ध्यान दिन आग्रह गर्दै उहाँले हरेक मन्त्रालयले सय दिनभित्र तालिका बनाएर देखिने खालका आकर्षक प्रतिवेदन दिने काम गर्न आग्रह गर्नुभयो ।

**रेल र पानीजहाज चलाउने योजना छ**

प्रधानमन्त्री ओलीले प्राथमिकताप्राप्त आयोजनाहरूका काम वर्षौंसम्म नसिकने स्थितिको अन्त्य गरिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले सगरमाथा संवाद गर्छौं । त्यसको तयारीमा लागौँ । मैले एक अन्तर्राष्ट्रिय पुरस्कार पाएको रकम सरकारलाई दिएर र थप बजेट विनियोजन गरेर सुरु भएको राष्ट्रिय प्रतिभा पुरस्कार किन नियमित भएन ? नियमित होस्, प्रतिभालाई हामीले प्रोत्साहन गर्नुपर्छ।”

प्रधानमन्त्रीले हवाइ र सवारी दुर्घटनाका घटनाहरू बढिरहेको भन्दै राजमार्गका सडकमा लामो जरा भएका बिरुवाहरू लगाउने र नयाँ निर्माण गर्दा सुरक्षित हुनेगरी डिजाइन गरि नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “रेल र पानीजहाज चलाउने हाम्रो योजना छ । रेलका लागि जनताको माग छ । हाम्रो प्राथमिकता यसमा रहनेछ ।”प्रधानमन्त्री ओलीले जनता आवास, एकीकृत विकास कार्यक्रमलाई व्यवसायसँग जोडेर सञ्चालन गर्न सक्नुपर्ने बताउनुभयो । उहाँले निजी क्षेत्रलाई साथ लिएर व्यवसायीका गुनासा सम्बोधन गर्दै अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# उच्च शिक्षालाई प्रतिष्पर्धी बनाउनुपर्नेमा शिक्षामन्त्रीको जोड

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका सहकुलपति विद्या भट्टराईले शिक्षाक्षेत्रको बजेट बढाएर विश्वविद्यालय शिक्षालाई प्रतिस्पर्धी बनाउन आफू लागिपरेको बताउनुभएको छ ।

विश्वविद्यालयको मंगलबार सम्पन्न सिनेट बैठकमा मन्त्री भट्टराईले शैक्षिक क्षेत्रको विकासका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभयो ।



आफूले लामो समयदेखि देशका कूल बजेटको २० प्रतिशत रकम शिक्षाक्षेत्रका निम्ति विनियोजन गर्नुपर्नेमा जोड दिँदै आएको बताउनुभयो। उहाँले विश्वविद्यालय शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन जरुरी भएको विचार व्यक्त गर्दै विज्ञान तथा प्रविधि क्षेत्रलाई विशेष जोड दिने शैक्षिक प्रणाली अपरिहार्य भएको बताउनुभयो।

साथै उहाँले अन्वेषण अनुसन्धानमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

मन्त्री भट्टराईले विश्वविद्यालयका चारवटै अनुसन्धान केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विश्वविद्यालय अनुदान आयोगमार्फत थप बजेट विनियोजन गरिएको जानकारी दिनुभयो। “आगामी दिनमा यी केन्द्रलाई सरकारको ‘थिङ्क ट्याङ्क’का रूपमा विकास गर्नुपर्ने भएकाले त्यस दिशामा पनि कार्ययोजना बनाएर लाग्न विश्वविद्यालयका पदाधिकारीलाई निर्देशन दिनुभयो।

सभाले त्रिभुवन विश्वविद्यालयको ६२औँ ‘ग्रेस लिष्ट’ पारित गरेको छ। उक्त लिष्टअनुसार अध्ययन पूरा गरी विभिन्न तहमा उत्तीर्ण भएका ७३ हजार नौ सय ९५ जना विद्यार्थी त्रिविको आगामी दीक्षान्त समारोहमा भाग लिन योग्य भएका छन्। परित ग्रेस लिष्टअनुसार २०८० साल असार १ देखि २०८१ जेठ मसान्त सम्ममा स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारीधि गरेका व्यवस्थापन सङ्कायका ३० हजार नौ सय ३६, शिक्षाशास्त्रतर्फ ११ हजार तीन सय १७ र मानविकीका १३ हजार ६ सय २६ विद्यार्थी छन्। सभाले आगामी आर्थिक वर्षका लागि रु २६ अर्ब १६ करोड ८७ लाख ३५ हजारको बजेट पनि पारित गरेको छ।रासस

# किसानको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण

काठमाण्डु।सांसदहरुले किसानका समस्या समाधान गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद माधव सापकोटाले किसानलाई दूधको बक्यौता रकम तत्काल उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो । उहाँले दूध किसानको समस्यामा सरकारको ध्यानार्कषण गराउँदै सभामुख देवराज घिमिरेलाई यस विषयमा रुलिङको लागि आग्रहसमेत गर्नुभयो । “आज साउन १५, देशैभर खीर खाएर मनाइरहेका छौँ। तर बडो दुःखको कुरा किसानहरुले मेहनत र दुःख गरेर उत्पादन गर्ने दुःखको मूल्य सात महिनादेखि बक्यौता बाँकी छ”, सांसद सापकोटाले भन्नुभयो, “उता दुग्ध विकास संस्थान करिब विघटनको संघारमा छ। विषयको गाम्भीरता बुझेर सभामुखमार्फत रुलिङ्गा लागि माग गर्दछु।”

सांसद रामकृष्ण यादवले तराई-मधेसमा खानेपानी र सिँचाइको व्यवस्था गर्न माग गर्नुभयो । सांसद लालवीर चौधरीले बर्दिया जिल्लाका किसानलाई आवश्यक मलखाद छिटो उपलब्ध गराउन माग गर्नुभयो । सांसद रुक्मणी राना बराइलीले किसानलाई वन्यजन्तुबाट प्रभावित हुन नदिनका लागि तीनै तहको सरकारको प्रयास पर्याप्त नभएको बताउनुभयो । उहाँले बाँदर र हात्तीको आक्रमण नियन्त्रणका लागि सरकारको ध्यानार्कषण गराउनुभयो।

सांसद राजेन्द्र केसीले उपसभामुख इन्दिरा रानाले अमेरिकाको भिसाका लागि सिफारिस गर्नुभएका व्यक्तिबारे प्रश्न उठाउँदै यसबारे सदनलाई जानकारी गराउन सभामुख समक्ष आग्रह गर्नुभयो। “यी व्यक्ति फरक-फरक पेसामा आबद्ध छन्, अन्तर्राष्ट्रिय महिलाकर्मी होइनन्, अन्तर्राष्ट्रिय मञ्चमा भाग लिन योग्य छैनन्”, सांसद केसीले भन्नुभयो, “कस्ता कस्ता व्यक्तिलाई सिफारिस गर्नुभयो ? कुन प्रयोजन र उद्देश्यका लागि यी व्यक्ति सिफारिस गर्नुभयो । त्यसको सभामुखमार्फत जानकारीका लागि माग गर्दछु।”

सांसद रणकुमारी बलम्पाकी मगरले सिन्धुली जिल्ला हुँदै जाने मध्यपहाडी राजमार्गमा स्थानीय किसानको जमिन परेको तर अहिलेसम्म पनि उक्त सडकमा पर्ने जग्गाको लगत कर तिर्न बाध्य भएको भन्दै तत्काल लगत कर कट्टा गर्न माग गर्नुभयो। “बनेपा-बर्दिवास सडक निर्माणका क्रममा स्थानीयलाई फिर्ता गर्ने भनिएका जग्गा हालसम्म फिर्ता भएको छैन। स्थानीयलाई घर बनाउन र बेच्ने वातावरण बनाउनुपर्छ”, सांसद मगरले भन्नुभयो।

सांसद भगवती चौधरीले देशभर बाढीपहिरोबाट पीडितहरुको समस्या समाधानका लागि सरकारको ध्यानार्कषण गराउनुभयो । सांसद मङ्गलप्रसाद गुप्ताले कपिलवस्तु जिल्लामा बाढीले प्रभावित भएकोतर्फ ध्यानार्कषण गराउदै थप क्षति न्यूनीकरणका लागि बाधँको व्यवस्था गर्न माग गर्नुभयो ।सांसद रामशङ्कर यावदले सिरहा र सप्तरीमा बलान नदीमा देखिएको समस्या समाधानको माग गरे पनि सरकारको ध्यानार्कषण नभएको भन्दै गुनासो व्यक्त गर्नुभयो । सांसद भीमप्रसाद आचार्यले सुनसरी र विराटनगर जिल्लामा भन्सारको व्यवस्थापन र सञ्चालनका लागि सरकारको ध्यानार्कषण गराउनुभयो।

यस्तै, सांसद मनिष झाले जहाज दुर्घटनाको अनुसन्धानका क्रममा सङ्कलन गरिएको ‘भ्वाइस रेकर्ड’ बाहिरिएकाबारे अनुसन्धान गर्नुपर्ने बताउनुभयो। सांसद महेशकुमार बर्तौलाले स्वास्थ्य बीमा कार्डमार्फत देशका जुनसुकै उपचार पाउने व्यवस्था गर्न माग गर्नुभयो ।सांसद महेश बस्नेतले इलामका लोपोन्मुख लोक्पा जातिको उक्त जिल्लामा रहेको साँस्कृतिक धरोहर एवं पुरातात्विक महत्वको गुम्बा संरक्षणका लागि माग गर्नुभयो। सांसद मीना तामाङ्ले अघिल्लो सरकारले उठाएको मुद्दा वर्तमान सरकारले उल्टाउने काम गरेकोमा शङ्का व्यक्त गर्नुभयो।

सांसद मुक्ताकुमारी यादवले माध्यमिक शिक्षा परीक्षा(एसइई)को पुरक परीक्षाको नतिजा प्रकाशन समयमा गर्न अग्रीम ध्यानार्कषण गराउनुभयो । सांसद मेनकाकुमारी पोखरेलले दाङ जिल्ला अस्पतालमा स्वास्थ्य उपकरणको मर्मत नहुँदा बिरामीले सास्ती भोग्नुपरेको भन्दै स्वास्थ्य उपकरण खरिददेखि मर्मत सम्भारका लागि सम्बन्धित मन्त्रालयको ध्यानार्कषण गराउनुभयो।

सांसद मैना कार्कीले मानसिक स्वास्थ्य विकराल बन्दै गएको तथ्याङ्क प्रस्तुत गर्दै यसबारे सचेतना फैलाउन र उपचारको पहुँच सबैमा पुऱ्याउनका लागि स्थानीय तहको संरचनालाई सक्रिय बनाउन आग्रह गर्नुभयो । सांसद रघुजी पन्तले संस्कृति र भाषा संरक्षणमा योगदान पुऱ्याउने साप्ताहिक पत्रिकालाई आवश्यक विज्ञापन र बजेट व्यवस्था गर्न सम्बन्धित मन्त्रालयको ध्यानार्कषण गराउनुभयो।

सांसद रणेन्द्र बरालीले भ्रष्टाचारको मुद्दामा सरकार व्यक्ति विशेष लचिलो हुन नहुनेमा जोड दिनुभयो । सांसद राजेन्द्र बजगाइँले सांसदले सदनमा उठाउनुभएको विषयलाई नेपाल नागरिक उडड्यन प्राधिकरणका महानिर्देशकले सामाजिक सञ्जालमा गर्नुभएको टिप्पणीप्रति आपत्ति जनाउनुभयो ।सांसद रामकुमार राईले सरकारले एकैपटक धेरै सचिव र राजदूत सरुवा एवं फिर्ता गर्ने गरेको निर्णयप्रति आशङ्का व्यक्त गर्नुभयो। रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## मोही हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही अर्जुन बहादुर किङरिङ(१ न. वार्ड दुर्गापुर खोर) र लाल बहादुर ठाडा मगर(१ न. वार्ड दुर्गापुर खोर)बेपते मरुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | ठेगाना | जिल्ला | गाविस | वडा न. | किता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| गोपाल प्रसाद दहाल | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १ | ८६/१२७९ | ०-२-८ |
| सीताराम दाहाल | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १ | ८६/८३०३ | ०-०-५ |
| हरि प्रसाद दाहाल | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १ | ८६/८३०४ | ०-१-९ |
| द्रोण बहादुर राना मगर | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १ | ८६/६६५ | ०-१-२ |
| द्रोण बहादुर राना मगर | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १गाउँ | ८७/२ | ०-०-१८ |
| अमृतराज दाहाल | चन्द्रपुर नपा ४ | रौतहट | चन्द्रनिगाहपुर | १गाउँ | ८७/७ | ०-०-६-४ |

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## मोही हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही रामदेव राय सा.गाविस हथियाही वार्ड न. २ को मरुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सूचित गरिन्छ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गाविस | वडा न. | किता न. | क्षेत्रफल | मरुवा मोही |
|---|---|---|---|---|---|---|
| महेन्दर महरा चमार | रौतहट | हथियाही | २क | १७/१२६२ | ०-०-१० | रामदेव राय सा.गाविस हथियाही २ |

## लक्ष्मीनियाँ गाउँपालिका
## लक्ष्मीनियाँ बजार, धनुषा
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१५**

यस गाउँपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# आकाशमा 'बग्ने नदी' झन् विनाशकारी बन्दै

वीवीसी

काठमाण्डु । हालै चीन र क्यानडामा देखिएको जस्तै विश्वका विभिन्न भागमा आइपरेका असाधारण स्तरका बाढीले कसरी तीव्र गतिमा तात्दै गएको वायुमण्डलमा विगतमा भन्दा निकै धेरै पानीको मात्रा रहने गरेको तथ्य स्मरण गराइरहेको वैज्ञानिकहरू बताउँछन्।



सन् २०२३ को एप्रिलमा इराक, इरान, कुवेत र जोर्डनमा सघन मेघगर्जन र असिनासँगै भएको अत्यधिक वर्षाका कारण विनाशकारी बाढी निम्तियो। मौसमविद्हरूले पछि के पत्ता लगाए भने सो क्षेत्रको आकाशमा पहिला कहिल्यै थाहा नभएको मात्रामा अत्यधिक वाष्प थियो। त्यसले सन् २००५ मा भएको त्यस्तै घटना बिर्साइदियो।

दुई महिनापश्चात् चिलीमा तीन दिनभित्र ५०० मिलिमिटर पानी पऱ्यो। आकाशबाट यति धेरै पानी बर्सियो कि त्यसले एन्डिज पर्वका केही भागका हिउँ पनि पग्लियो। त्यसबाट उत्पन्न भएको बाढीले सडक र पुल ध्वस्त पार्नुका साथै जलआपूर्ति प्रणालीमा क्षति पनि पुऱ्यायो। त्योभन्दा एक वर्षअघि अस्ट्रेलियाका केही भूभागमा (त्यहाँका राजनीतिज्ञहरूको शब्दमा) 'वर्षा बम' विस्फोट भयो। उक्त घटनाका कारण २० जनाभन्दा धेरैको ज्यान गयो भने हजारौँ मानिसको उद्धार गर्नुपऱ्यो। वैज्ञानिकहरूका अनुसार यी सबै घटना "वायुमण्डलका नदीहरूका कारण" भएका हुन्। जलवाष्पबाट बनेका ती नदीहरू झन् लामा, सघन, चौडा र विनाशकारी बनेका छन्।

अमेरिकी अन्तरिक्ष निकाय 'नासा' का अनुसार वायुमण्डलमा भएका त्यस्ता नदीका कारण विश्वभरि करोडौँ मानिसहरू बाढीको जोखिममा परेका छन्। यी 'आकाशका नदी' वा 'उड्ने नदीहरू' वाष्पका लामा र बाक्ला लहरहरू हुन् जुन सामान्यतया उष्णप्रदेशीय क्षेत्रमा उत्पन्न भई ध्रुवीय क्षेत्रतिर बहन्छन्। ती नदीले पृथ्वीको मध्याक्षांशतिर बहने कुल बाफमध्ये ९०% भाग वहन गर्छन्। औसत वायुमण्डलीय नदी २,००० किलोमिटर लामा, ५०० किलोमिटर चौडा अनि झन्डै तीन किलोमिटर गहिरा हुन्छन्। तर हिजोआज त्यस्ता नदीहरूको चौडाइ र लम्बाइ बढेको देखिन्छ।

त्यस्ता केही नदीहरू त ५,००० किलोमिटर लामासम्म छन्। तर बादललाई जस्तो ती नदीलाई मानिसले देख्न सक्दैनन्। "तिनलाई इन्फ्रारेड वा माइक्रोवेभ फ्रीक्वन्सीमार्फत् देख्न सकिन्छ," नासाको जेट प्रपल्सन ल्याबका वायुमण्डल अनुसन्धानकर्ता ब्रायन कानले भने। "त्यसैले बाफ तथा वायुमण्डलका नदीहरू हेर्न भूउपग्रहबाट गरिएका अवलोकनहरू निकै उपयोगी हुन्छन्।" ठूला तथा सघन वाष्पनदीहरूले उत्तर अमेरिकाको सबभन्दा लामो नदी मिसिसिपीभन्दा १५ गुना धेरै वेगमा ओसलाई एक ठाउँबाट अर्को ठाउँमा लैजान सक्छन्।

विश्वको सबभन्दा ठूलो नदी एमेजनले भन्दा ती वाष्पनदीमा औसतमा दोबर पानी प्रवाह हुन्छ। हुन त यस्ता वाष्पनदीहरू सधैँ अस्तित्वमा थिए। तर वैज्ञानिकहरूका अनुसार विश्वव्यापी तापक्रम वृद्धिका कारण धेरै मात्रामा बाफ उत्पन्न भइरहेको हुनाले छोटो समयमा ठूलो मात्रामा जमिनमा पानी बर्सिन सक्छ र विनाशकारी बाढीपहिरो निम्तिन सक्छ।

अध्ययनहरूले देखाएअनुसार सन् १९६०को दशकको तुलनामा अहिले वायुमण्डलमा बाफको मात्रा २०% ले बढेको छ। तापक्रम वृद्धिसँगै यो मात्रा पनि बढ्दै छ।जर्मनीस्थित यूनिभर्सिटी अफ पोट्स्डामको इन्स्टिट्यूट अफ जीओसाइअन्सेजले गरेको एउटा अध्ययनमा दक्षिण अमेरिका, उत्तर अफ्रिका, मध्यपूर्व अनि दक्षिणपूर्वी एशियामाथि विकसित वाष्पनदी प्रणाली अझ धेरै समयसम्म टिकिरहेको पाइएको छ। त्यसको अर्थ भनेको तिनले एकैपटक औधी ठूलो मात्रामा पानी पारिदिन सक्छन् र त्यसबाट जमिनमा विनाश निम्तिन सक्छ।

सन् २०२३ को एप्रिलमा मध्यपूर्वमा ठिक त्यही भएको यूएईस्थित खलिफा यूनिभर्सिटीले गरेको अर्को अध्ययनले देखाएको थियो।"हामीले गरेको हाई-रेजलूशन सिम्युलेशनबाट के देखियो भने उत्तर पूर्वी अफ्रिकाबाट पश्चिम इरानतर्फ तीव्र वेगमा बहेका वाष्पनदीहरूले अत्यधिक वर्षा गराए," अध्ययनको निष्कर्ष थियो।

### बाढी र पहिरोको जोखिम बढ्दो

यूनिभर्सिटी अफ पोट्स्डामले गरेको अध्ययनमा संलग्न सारा एम फालेयो-बेर्नालका अनुसार अन्यत्र वाष्पनदीसँग सम्बन्धित घटनाहरूको संख्या बढ्दै गएको छ। "पूर्वी एशियामा सन् १९४० यता त्यस्ता प्रणालीहरू उल्लेखनीय संख्यामा बढेका छन्। म्याडग्यास्कर, अस्ट्रेलिया र जापानमाथि ती झन् सघन हुँदै छन्," उनले भनिन्।

सन् २०२१ मा 'जर्नल अफ जीओफिकिल रिसर्च'मा प्रकाशित एउटा अध्ययनले मनसुनको प्रारम्भिक समय (मार्च र एप्रिल)मा पूर्वी चीन, कोरिया र पश्चिमी जापानमा भएका अधिक वर्षाका ८०% घटना वाष्पनदीसँग जोडिएको उल्लेख छ। यसबीच भारतका मौसमविद्हरूले हिन्द महासागर तातो हुँदै 'उड्ने नदीहरू' उत्पन्न भइरहेको र त्यसले सो क्षेत्रमा जुन र सेप्टेम्बरका बीच हुने मनसुन वर्षा प्रणालीलाई पनि प्रभाव पारिरहेको बताएका छन्।"फलस्वरूप त्यस्ता घटना भएका छन् जब तातो महासागरबाट आएको ओसलाई वाष्पनदीहरूले केही घण्टा वा केही दिनभित्र बर्साइदिन्छन्," इन्डियन इन्स्टिट्यूट अफ ट्रपिकल मीटिअरोलजीका वैज्ञानिक डा रोक्सी म्याथ्यू कोलले भने।

"यसले देशैभरि पहिरो र अचानक आउने बाढीका घटनाहरू बढेका छन्।" सबै बाढी र पहिरोका घटना वाष्पनदीकै कारण भने हुँदैनन्। त्यसका अन्य कारणहरूमा चक्रवात र आँधीआदि पर्छन्। वाष्पनदीहरू नयाँनयाँ ठाउँमा देखा परिरहेका छन्। यसको एउटा कारण परिवर्तित जलवायुका माझ वायुको बदलिँदो प्रवृत्ति तथा 'जेट स्ट्रीम' (पृथ्वीभरि पश्चिमबाट पूर्वतिर बहने वायुको साँघुरो तर तीव्र गतिको प्रवाह) भएको वैज्ञानिकहरू बताउँछन्।

"वायुको तरङ्गमय प्रवाह र जेट स्ट्रीमका कारण तिनको मार्ग बाङ्गोटिङ्गो र स्वाभाविक स्थानबाट भिन्न हुन्छन्," चिलीस्थित यूनिभर्सिटी अफ भाल्पाराइजोका मौसमविद् डेनिज बोज्कर्टले भने। "यसले गर्दा वाष्पनदीहरूको मार्ग पनि सरल हुँदैनन् र सम्भावित रूपमा विभिन्न क्षेत्रमा तिनको प्रभाव बढ्छ।" विश्वमा तिनले निम्त्याउन सक्ने विनाशकारी बाढी र पहिरोको जोखिमका माझ वाष्पनदीहरूलाई तिनको आकार र बलको आधारमा आँधीलाई जस्तै पाँच स्तरमा वर्गीकरण गरिएको छ।

सबै वाष्पनदीहरू विनाशकारी हुँदैनन्। कतिपयले त लामो समयदेखि सुक्खा बेहोरेको क्षेत्रमा फाइदा नै पुऱ्याइदिन्छन् । तर विज्ञहरूका अनुसार वाष्पनदीको अनुगमन तथा तिनको भविष्यवाणीको कार्य हाल केवल अमेरिकाको पश्चिमी तटमा सीमित छन्। त्यहाँ तिनको प्रभावबारे कैयौँ दशकदेखि अध्ययन भइरहेको छ । "क्षेत्रीय मौसम भविष्यवाणी प्रणालीहरूमा वाष्पनदीको बुझाइ तथा आकलन सीमित छ," बोज्कर्टले भने । "मुख्य चुनौती डेटा अभाव हो, जटिल भूभागमाथिका वाष्प नदीहरूबारे ।"

# एक करोड अधिक खर्च भएको लेखनाथ रङ्गशाला घाँसेमैदानमा परिणत

गण्डकी ।सोमबार साँझ केही युवा लेखनाथ रङ्गशालामा फुटबल खेलिरहेका थिए। खेलाडीले प्रहार गरेको बल घरी घाँसभित्र घरी हिलोमा पुग्थ्यो। यद्यपि उनीहरू उत्साहका साथ खेलिरहेका थिए। मैदानको छेउमा किशोरहरू पनि फुटबल अभ्यासमा रमाइरहेका थिए।



फुटबल, भलिबलदेखि सन्ध्याकालीन हिँडडुल र व्यायामका लागि पुगेकाहरूको चहलपहल रङ्गशालामा थियो । बिहानबेलुका करातेलगायत मार्सल आर्टका खेलाडी पनि अभ्यासका लागि त्यहाँ पुग्छन् । कभर्ड हल नभएका कारण उनीहरू खुला आकाशमुनि अभ्यास गर्न बाध्य छन् । वर्षा याममा रङ्गशालाको 'ट्रयाक' हिलाम्मे हुने भएकाले अभ्यासपूर्व खेलाडीहरू दौडनसमेत पाउँदैनन् ।

आठ वर्षअघि निर्माण सुरू भएको बहुउद्देशीय कभर्ड हल बीचमै अलपत्र परेपछि 'इन्डोर' खेलको पनि चौरमै प्रशिक्षण गराउनुपर्ने बाध्यता छ। पोखरा महानगरपालिका- २९ स्थित यो रङ्गशालामा पूर्वाधार नहुँदा व्यवस्थित ढङ्गले खेल गतिविधि सञ्चालन गर्न कठिन भएको छ। पोखरा रङ्गशालाको विकल्प मानिएको लेखनाथ रङ्गशालामा भौतिक पूर्वाधार बनाउनुपर्नेमा स्थानीय खेलाडीले जोड दिएका छन् ।

आदर्श युवा क्लबका अध्यक्ष पदम गुरुङले रङ्गशालामा बनेका संरचना अलपत्र परेकामा दुखेसो गर्नुभयो । रङ्गशालाको ट्रयाक मापदण्डअनुसारको नभएको उहाँले बताउनुभयो । प्यारापिट पनि लथालिङ्ग छ । "अहिले ठूला खेल प्रतियोगिता सञ्चालन गर्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो, "सामान्य खेल अभ्यासका लागि पनि पूर्वाधार अभाव छ ।"

पोखरा महानगरको खेलकुद विकास समितिका पदाधिकारी बजेट अभावले रङ्गशाला बन्न नसकेको बताउँछन् । आठ वर्षअघि रङ्गशालाभित्र निर्माण थालिएको बहुउद्देश्यीय कभर्ड हल पनि बजेट नहुँदा अलपत्र परेको छ। बजेट नहुँदा कभर्ड हल निर्माण तीन वर्षदेखि ठप्प छ । हालसम्म त्यसमा रु एक करोड १० लाख खर्च भइसकेको छ । आव २०७४ र २०७५ मा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट रु ११ लाख बजेटबाट कभर्ड हलको काम सुरु भएको थियो।

राष्ट्रिय खेलकुद परिषद्ले रु ५० लाख, प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले रु २५ र तत्कालीन प्रदेशसभा सदस्य दीपक कोइरालाको निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु २५ लाख बजेट खर्च भइसकेको छ । उक्त बजेटबाट भुइँतलाको पिलर र पर्खाल बनाइएको छ । पोखरा-२९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले रङ्गशालामा पूर्वाधार तयार गर्न महानगर, प्रदेश र सङ्घ सरकारको लगानी चाहिने बताउनुभयो ।

खेलकुद हेर्ने निकाय र खेल पदाधिकारीको उपेक्षामा लेखनाथ रङ्गशाला परेको उहाँको टिप्पणी छ । "राज्यको स्रोतसाधन जुटाएर लेखनाथ रङ्गशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गर्नुपर्छ", उहाँले भन्नुभयो । लेखनाथ रङ्गशालालाई पूर्वाधार सम्पन्न बनाउन पोखरा महानगरले अगुवाइ गर्नुपर्ने स्थानीयवासीको माग छ ।

कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँले पोखरालाई खेल पर्यटनको गन्तव्यका रुपमा विकास गर्नुपर्ने बताउनुभयो । "खेल क्षेत्र सरकारको कम प्राथमिकतामा छ, पोखराको खेलकुद विकासमा प्रदेश सरकारले पनि वेवास्ता गरिरहेको छ", उहाँले भन्नुभयो ।रासस

## रेल दुर्घटना दुई जनाको मृत्यु, २० घाइते

सिन्ह्वा

नयाँदिल्ली । भारतको पूर्वी राज्य झारखण्डमा मङ्गलबार रेल दुर्घटना हुँदा कम्तीमा दुई जनाको मृत्यु हुनुका साथै २० जना घाइते भएको अधिकारीहरूले बताएका छन् ।

दुर्घटना झारखण्डको राजधानी राँचीबाट करिब १२३ किलोमिटरमा रहेको पश्चिम सिंहभूम जिल्लाको चक्रधरपुरको बडाबाम्बु स्टेशन नजिकै भएको उनीहरुले बताएका छन् ।

"बडाबाम्बु नजिकै हावडा-मुम्बई मेल एक्सप्रेसको रेलका १८ वटा डिब्बा लिकबाट खस्दा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन्। एनडीआरएफको टोली घटनास्थलमा खटिरहेको छ र उद्धार कार्य जारी छ ", दुर्घटनास्थलमा रहेका पश्चिम सिंहभूमका उप-आयुक्त कुलदीप चौधरीले बताउनुभयो ।

अधिकारीहरुका अनुसार दुर्घटनाग्रस्त रेल हावडाबाट मुम्बईको छत्रपति शिवाजी महाराज टर्मिनसतर्फ जाँदै गरेको थियो ।रेलवे अधिकारीहरूले राहत र उद्धार कार्यका लागि कर्मचारीसहित आवश्यक राहत र चिकित्सा उपकरण तुरुन्तै घटनास्थलमा पुर्याएको जनाएका छन् । साथै प्रभावित यात्रुलाई बसमार्फत नजिकैको रेलवे स्टेसनमा लगि बाँकी यात्राका लागि विशेष रेलको व्यवस्था गरिएको उनीहरुले बताएका छन् ।

# दक्षिण भारतको केरलामा भीषण वर्षा र पहिरो, कम्तीमा ९३ जनाको मृत्यु

वीवीसी

काठमाण्डु । दक्षिण भारतको केरला राज्यमा भीषण वर्षापछि पहिरो जाँदा कम्तीमा ९३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । पहिरोमा दर्जनौँ मानिस फसेको आशङ्का गरिएको छ।



केरलाको वायनाड जिल्लाका विभिन्न स्थानमा मङ्गलवार सबेरै पहिरो गएको थियो।प्रभावित स्थानमा खोज तथा उद्धार अभियान चलिरहेको छ ।

तर ठूलो वर्षा तथा एउटा महत्त्वपूर्ण पुल भत्किएका कारण उद्धारकार्य प्रभावित भएको बताइएको छ। केरलाका मन्त्री एके शशीन्द्रनले क्षतिको विविरण आउन अझै केही समय लाग्ने बीबीसी हिन्दीलाई बताएका छन्।उनले भने, "हामीलाई क्षतिको आकलन गर्नका लागि अझै केही घण्टा लाग्छ।"

केरलाकी स्वास्थ्यमन्त्री वीणा जर्जले स्थानीय अस्पतालहरूमा कम्तीमा ७० जना घाइतेलाई लगिएको बताएकी छन् ।

स्थानीय अधिकारी डीआर मेघश्रीले सञ्चारमाध्यमलाई बताएअनुसार वायनाडमा ३६ जनाको मृत्यु भएको पुष्टि भएको थियो भने छिमेकी मलपुरम जिल्लामा चलियार नदीमा बगेका नौवटा शव फेला परेका थिए।वायनाड पश्चिम घाट पर्वतशृंखलामा पर्ने पहाडी जिल्ला हो। उक्त भेगमा मनसुनमा पहिरो गइरहन्छ ।पहिरोबाट वायनाडका विभिन्न स्थानहरू प्रभावित भएका छन्। सामाजिक सञ्जालमा देखा परेका भिडिओहरूमा कच्ची बाटो र जङ्गल छेउछाउका स्थानमा धमिलो भल बगेको र त्यसले घरहरू बगाएको देखिन्छ।

रशिद पादिक्कलपरम्बान नाम गरेका एक स्थानीय बासिन्दाले मध्यरातितिर कम्तीमा तीनवटा पहिरो गएको र त्यसपछि पुल बगेको समाचारसंस्था रोएटर्सलाई बताएका छन्।उद्धारकार्यमा राज्य तथा सङ्घीय सरकारका विपद् व्यवस्थापन गर्ने निकायहरू सहभागी छन्। प्रभावित स्थानमा सेनाको टोली पनि चाँडै पुग्ने बताइएको छ। उद्धारकार्यमा स्थानीय बासिन्दाहरूले पनि सघाइरहेका छन्। वायनाड र छिमेकी जिल्लामा उच्च सतर्कता कायम गरिएको छ।

चौधमध्ये १० जिल्लामा शैक्षिक संस्थाहरू बन्द भएका छन्। केरलाका मन्त्री एके शशीन्द्रनले सेना र वायुसेनालाई पहिरोमा फसेका मानिसहरूलाई उद्धार गर्न र अस्थायी पुल निर्माण गर्न भनिएको बताए।स्थानीयवासी राघवन सी अरुणमालाले आफूले उक्त स्थानमा देखेको त्रासदीपूर्ण दृश्य बयान गरेका छन्।उनले भने, "भग्नावशेषमा पुरिएका एक जना व्यक्तिले चिच्याएर मद्दत मागिरहेका थिए। अग्निनियन्त्रक र उद्धारकर्ताहरू पछिल्लो केही घण्टादेखि उनीसम्म पुग्न खोजिरहेका छन्।"उनले थपे, "हामीले सयौँ मानिसहरू फसेको आशङ्का गरेका छौँ।"

अहिलेको विपद्बाट प्रभावित स्थानबाट करिब १० किलोमिटर टाढा पुथुमालामा सन् २०१९ मा पहिरोका कारण १७ जनाको ज्यान गएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले आफूले केरलाका मुख्यमन्त्रीसँग कुराकानी गरेको र सङ्घीय सरकारले उद्धार प्रयासमा सहयोग गर्नेमा आश्वस्त तुल्याएको बताए । मोदीले मृतकका परिवारलाई २ लाख भारतीय रुपैयाँ र घाइतेलाई ५० हजार रुपैयाँ राहत घोषणा गरेका छन्।

केरलाको विपद् प्रबन्धन विभागले वायनाड, कोझीकोड, मल्लापुरम र कन्नूरमा 'रेड अलर्ट' जारी गरिएको बताएको छ । मौसम विभागले उक्त इलाकामा २४ घण्टामा २०४ एमएमको वर्षा भएको आकलन गरेको छ ।

अन्य इलाकामा 'अरेन्ज' र 'येलो' चेतावनी पनि जारी गरिएको छ । वायनाड केरलाको पहाडी इलाका हो र त्यहाँ घुम्न जाने पर्यटकको संख्या उल्लेख्य रहने गरेको छ। कोझीकोड एअरपोर्टबाट वायनाडको दूरी करिब ८६ किलोमिटर टाढा पर्छ ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०४/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : मो. असरफ**<br>बाबुको नाम : शे. मोते आलम, बाजेको नाम : शेष मगर<br>ठेगाना : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७७-३०९८, जि.प्र.का. रौतहट, जारी मिति : २०७७/०९/२९<br>**शाखा कार्यालय : चपुर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : शेष मंगर**<br>बाबुको नाम : शेष हिफाजत<br>बाजेको नाम : शे. कुरवान<br>ठेगाना : रघुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ११७९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०३५/०६/०९ | **२. नाम : शे. मोतेआलम**<br>बाबुको नाम : शे. मंगर<br>बाजेको नाम : शेष हिफाजत<br>ठेगाना : रघुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ६/२१४५, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/१२/१३ |
| | **३. नाम : तहिमा शेखिन**<br>बाबुको नाम : शे. मंगर<br>बाजेको नाम : शेष हिफाजत<br>ठेगाना : रघुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : २५१५४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०३६/०२/२९ | **४. नाम : सलेखुन नेसा**<br>पतिको नाम : शे. मोतेआलम<br>ससुराको नाम : शे. मंगर<br>ठेगाना : रघुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८४/२३२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/१०/०५ |
| | **५. नाम : मो. असलम**<br>बाबुको नाम : शे. मोतेआलम, बाजेको नाम : शे. मंगर<br>ठेगाना : रघुनाथपुर - ४, रौतहट, हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८३/२१६९, जि.प्र.का. रौतहट, जारी मिति : २०७०/१०/०७ | |
| | **धितोको विवरण** | |
| | शेष मंगरको नाममा मालपोत कार्यालय चन्दपुर, रौतहटमा दर्ता रहेको सखुअवा धमौरा - १, रौतहट स्थित कित्ता नं. १२९४ को क्षेत्रफल ०-१-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २. | **नाम : चौधरी किराना स्टोर्स**<br>दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग<br>दर्ता नं. : ११८/०६३/०६४, दर्ता मिति : २०६३/१०/०८<br>ठेगाना : सरमुजवा - ८<br>**संचालक तथा शेयरधनी : उपेन्द्र प्रसाद, शाखा कार्यालय : गौर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : उपेन्द्र प्रसाद**<br>बाबुको नाम : लछुमन प्रसाद कलवार<br>बाजेको नाम : छटु साह कलवार<br>ठेगाना : जि. रौतहट सरमुजवा - ८, रौतहट<br>हाल : जि. रौतहट बोधीमाइ - ७, रौतहट<br>ना.प्र.प.नं. : ६६७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५०/०९/०१ | **२. नाम : सिन्धु कुमारी**<br>पतिको नाम : उपेन्द्र प्रसाद<br>ससुराको नाम: लछुमन प्रसाद कलवार<br>ठेगाना : जि. रौतहट सरमुजवा - ८, रौतहट<br>हाल : जि. रौतहट बोधीमाइ - ७, रौतहट<br>ना.प्र.प.नं. : ३९२<br>जि.प्र.का. रौतहट.<br>जारी मिति : २०५६/०३/२९ |
| | **धितोको विवरण** | |
| | सिन्धु कुमारीको नाममा मालपोत कार्यालय मौलापुरमा दर्ता रहेको सरमुजवां - ८ क, रौतहट स्थित कित्ता नं. ४८५ को क्षेत्रफल ०-०-७ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत | |

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| ३. | **नाम : राज कुमार अधिकारी**<br>बाबुको नाम : वैजनाथ मंडल केवट, बाजेको नाम : गंगाई मंडल<br>ठेगाना : चक्कर - ७, धनुषा, हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ०३२८१६३१, जि.प्र.का. धनुषा, जारी मिति : २०४३/०५/०१<br>**शाखा कार्यालय : जनकपुर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : साजन कुमार**<br>बाबुको नाम : राज कुमार अधिकारी<br>बाजेको नाम : वैजनाथ मंडल केवट<br>ठेगाना : चक्कर - ७, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७१०२६/१८५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०६/२५ | **२. राम तोला देवी केवट**<br>पतिको नाम : राज कुमार अधिकारी<br>ससुराको नाम : वैजनाथ मंडल केवट<br>ठेगाना : चक्कर - ७, धनुषा<br>हाल : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३३०२२२८८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/०७ |
| | **धितोको विवरण** | |
| | राज कुमार अधिकारीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर - २, धनुषा स्थित कित्ता नं. २६१ को क्षेत्रफल ०-०-१०-३.५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ भाद्र ०४ गते मंगलबार बैंकिङ्ग कारोबार समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ भाद्र ०५ गते बुधबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# सूचना प्रविधिसम्बन्धी प्रदर्शनी ‘टेक एक्स, २०२४’ सुरू

काठमाण्डु । आर्टिफिसियल इन्टेलिजेन्स (एआई), रोबर्ट र साइबर सुरक्षासम्बन्धी परियोजनाहरूको प्रदर्शनी ‘टेक एक्स २०२४’ सुरू भएको छ। डिल्लीबजारस्थित सफ्टवेरिका कलेज परिसरमा आयोजित मेलामा सूचना प्रविधिका विद्यार्थीले निर्माण गरेका उत्पादन प्रदर्शन गरिएको कलेजका निर्देशक अमृत थापाले जानकारी दिनुभयो।

“प्रदर्शनी सूचना प्रविधिमा रुचि राख्ने र अध्ययन गर्न चाहनेलाई लक्षित गरिएको छ”, उहाँले भन्नुभयो,“प्रदर्शनी साउन २० गतेसम्म बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछ।” प्रदर्शनीमा ‘रोबोट वारियर्स लिग, २०२४’ सञ्चालन गरिने छ। लिगमा ४० भन्दा बढी रोबर्टहरूले विभिन्न कम्पनीको प्रतिनिधित्व गर्दै ‘रोबो वार ब्याटल’मा सहभागी हुने र सो लिग छ महिनासम्म चल्ने जनाइएको छ।

प्रदर्शनीमा रोबोटिक डग, पुस्तकालय तथा विमानस्थल व्यवस्थापनका लागि लक्षित गरी निर्माण गरिएका असिस्टेन्ट एआई रोबोट र गोदाम व्यवस्थापनको अर्धस्वचालित प्रविधि पनि अवलोकन गर्न पाइने छ। विद्यार्थीहरूले पासवर्ड क्र्याकिङको विश्लेषण गर्ने रोबर्ट प्रदर्शनीमा राखिने कलेजले जनाएको छ। कार्यक्रमको मुख्य उद्देश्य पछिल्लो समय सूचना प्रविधि क्षेत्रमा भइरहेको परिवर्तनबारे जानकारी दिनु रहेको छ। विद्यार्थीहरूले आइटीसम्बन्धी अध्ययनपश्चात् जीवनोपयोगी सीप विकासमा कस्तो भूमिका खेलिरहेका छन् भन्नेबारे पनि कार्यक्रममा चर्चा गरिनेछ।

“आइटीको क्षेत्रमा पछिल्लो समय के-कस्ता परिवर्तन भइरहेका छन्, यही क्षेत्रमा के-के परिवर्तन गर्न सकिन्छ। आइटी अध्ययनले हाम्रो जीवनमा कस्तो भूमिका खेलिरहेको छ र हामीलाई आइटी अध्ययन किन जरूरी छ भन्ने जस्ता कुराको ज्ञान दिन कार्यक्रम आयोजना गरिएको हो”, कलेज प्रमुख प्रमोद पौडेलले भन्नुभयो।रासस

# नेपालको विकास प्रयासमा सघाउने चिनियाँ चाहना




काठमाण्डु । नेपालका लागि चिनियाँ राजदूत छ्न सोङले नेपालको आर्थिक-सामाजिक विकासका निम्ति सक्दो सहयोग गर्न चीन तयार रहेको बताउनुभएको छ। चाइना मिडिया ग्रुप र साइनो नेपाल मिडिया सोसाइटीद्वारा मंगलबार आयोजित कार्यक्रममा उहाँले नेपालको आर्थिक विकास चीनको चाहना भएको बताउनुभयो।

राजदूत सोङले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गतका परियोजना नेपालको हितमा रहेका बताउँदै चिनियाँ कम्युनिष्ट पार्टीको २०औं केन्द्रीय समितिको तेस्रो राष्ट्रिय बैठकले निर्दिष्ट गरेका सुधार योजना नेपाललगायत छिमेकी देशका लागि महत्वपूर्ण छन् भन्नुभयो। उहाँले सुधारका योजनाबाट दुवै देशका जनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो। “यी सुधारका उपायले चीन र नेपाललाई हिमालय पारि सम्पूर्ण तवरले जोड्ने सञ्जाल निर्माणलाई चाँडो अगाडि बढाउन, कृषि, उद्योग, व्यापार, ‘डिजिटल टेक्नोलोजी’, ऊर्जा, पर्यटन क्षेत्रको क्षमता विस्तारमा उपयोगी हुनेछन्। यसबाट नेपाललाई समृद्धिका अवसर प्राप्त हुनेछ”, राजदूत छ्नले भन्नुभयो।

फरक प्रसङ्गमा उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको बीसौं केन्द्रीय समितिको तेस्रो बैठकले चीनको निरन्तर सुधार र खुलापनको सन्देश प्रवाह गरेको बताउनुभएको छ। उहाँले चिनियाँ कम्युनिष्ट पार्टी सुधार र खुलापनलाई दृढतापूर्वक उठाउँदै नयाँ युगको नयाँ यात्रामा लम्किरहेको स्पष्ट पार्नुभयो।चिनियाँ राजदूतले भन्नुभयो, “सुधार र खुलापनलाई निरन्तर प्रक्रियाका रूपमा कायम राख्ने निर्णय बैठकले गरेको छ, भविष्यका लागि अझ सुधार र विकासको योजना बनाएका छन्”। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य विष्णु रिजालले समानता, आपसी हित र दिगो मैत्रीप्रति दृढ विश्वास भएका नेपाल र चीनबीच सौहार्दपूर्ण सम्बन्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “दुई देशबीचको सम्बन्ध समस्या मुक्त छ, चीनले नेपालको विकासमा उदारतापूर्वक सहयोग गर्दै आएको छ। नेपालले सधैँ चीनको चासोलाई ध्यानमा राखेको छ। बिआरआई परियोजना कार्यान्वयनको ढाँचाबारे दुवै देशका सरकारले चाँडै निर्णय गर्ने र परियोजना शीघ्र कार्यान्वयन हुनेमा म विश्वस्त छु।”

नेपाल र चीनबीचको सम्बन्ध सरकारीस्तमा मात्र नभई जनस्तरमा पनि प्रगाढ बन्दै गएको बताउँदै उहाँले जनता-जनताबीचको सम्बन्ध आपसी लाभ र समझदारी प्रवर्द्धनका लागि उपयोगी भएको बताउनुभयो। उहाँले प्रविधि र ज्ञान आदानप्रदान शैक्षिक उन्नतिमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो नेपाल चीन मिडिया फोरमका अध्यक्ष किशोर श्रेष्ठले चीनको विकास र समृद्धिको अनुभवबाट नेपाल र बाँकी विश्वले सिक्न सक्ने धेरै विषय छन् भन्नुभयो।

पारस्परिक सहयोगलाई दिगो बनाउन जनता-जनताबीचको सम्बन्धलाई सुदृढ पार्न सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै उहाँले हाम्रा संस्था प्रामाणिक, निष्पक्ष र जवाफदेही पत्रकारितामा समर्पित रहेका बताउनुभयो। चाइना मिडिया ग्रुपका एसिया-प्रशान्त निर्देशक छा ओइ छाओ इले नेपालको परिचय आत्मीय र सरल नेपालीको हार्दिकताले दिनेगरेको बताउँदै हरेक पटक आफूलाई नेपाल आउँदा पुरानो मित्रको घरमा आएजस्तो अनुभव हुन्छ भन्नुभयो।

नेपाल विकासपथको खोजीमा सक्रिय रहेको बताउँदै उहाँले स्वतन्त्रता, आत्मसुदृढीकरण र विकास समृद्धि हासिल गर्न नेपाल प्रयासरत रहेको पाएको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, “हिमालयको वारिपारि रहेका चीन र नेपालका बीच सर्वोच्च शिखर सगरमाथा रहेको र दुई देशका जनताबीचको सम्बन्ध पनि त्यति नै उच्च रहेको आफ्नो ठम्मयाइ उहाँले सुनाउनुभयो। सोसाइटीका अध्यक्ष ध्रुव पौडेलले नेपाल र चीनबीचको जनस्तरको सम्बन्धलाई अझ सुदृढ बनाउन यस्ता कार्यक्रम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।रासस


# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०४/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : मनिष डेरी उद्योग**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुर<br>दर्ता नं. : ८११३/२५३/०७१/०७२, दर्ता मिति : २०७१/१०/१२<br>रजिष्टर्ड कार्यालय : जनकपुर<br>**प्रोप्राइटर : सरोज कुमार साह** |
| | **नाम : सरोज कुमार साह**<br>बाबुको नाम : परभु साह सुडी, बाजेको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४२६६८, जि.प्र.का. धनुषा, जारी मिति : २०६०/०१/२४<br>**शाखा कार्यालय : लोहारपट्टी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : मन्जु देवी साह**<br>पतिको नाम : सरोज कुमार साह<br>ससुराको नामः प्रभु साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७३०५२/२६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/०७ | **२. नाम : परभु साह सुडी**<br>बाबुको नाम : महाविर साह सुडी<br>बाजेको नाम : रौदी साह<br>ठेगाना : तारापट्टी - ६, धनुषा<br>हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/०६/०९ |
| **३. नाम : वहुरी देवी साह सुडी**<br>पतिको नाम : प्रभु साह सुडी, ससुराको नाम : महाविर साह सुडी<br>ठेगाना : तारापट्टी - ६, धनुषा, हाल : मिथिला विहारी - ६, धनुषा<br>ना.प्र.प.नं. : ९३९४१८१४, जि.प्र.का. धनुषा, जारी मिति : २०४४/१०/२५ | |

**धितोको विवरण**

वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : सुरेश पासवान**<br>बाबुको नाम : भिखारी हजरा दुसाध, बाजेको नाम : जिमन हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट, हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : १३४४, जि.प्र.का. रौतहट, जारी मिति : २०५८/०३/०४<br>**शाखा कार्यालय : गरुडा रौतहट** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : कमोदिया देवी**<br>पतिको नाम : सुरेश पासवान<br>ससुरोको नाम : भखारी हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८ रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८४/९१४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/१२ | **२. नाम : रजिया देवी दुसाधीन**<br>पतिको नाम : सुरेन्द्र हजरा<br>ससुरोको नाम : भखारी हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८ रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८४/९१६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/०१ |
| **३ नाम : सुरेन्द्र हजरा**<br>बाबुको नाम : भिखारी हजरा दुसाध<br>बाजेको नाम : जिमन हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८ रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३९९६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५५/०१/२० | **४. नाम : कुन्दन कुमार पसवान**<br>बाबुको नाम सुरेन्द्र हजरा<br>बाजेको नाम : भिखारी हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८ रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७४-०५३१२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/१०/२२ |

**धितोको विवरण**

वहुरी देवी साह सुडीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. १०९१ को क्षेत्रफल ०-०-४-० व.मी. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ३. | **नाम : धिरेन्द्र प्रसाद चौरसीया**<br>बाबुको नाम : नन्दलाल राउत, बाजेको नाम : असर्फी राउत<br>ठेगाना : बगही - ९ रौतहट, हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७२-०२९८२, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०६/२८<br>**शाखा कार्यालय : गरुडा, रौतहट** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सीता देवी**<br>पतिको नाम : नन्दलाल राउत<br>ससुरोको नाम : असर्फी राउत<br>ठेगाना : बगही - ९ रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : १६३२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५७/०८/०४ | **२. नाम : नन्दलाल राउत**<br>बाबुको नाम : असर्फी राउत<br>बाजेको नाम : नरायण राउत<br>ठेगाना : बगही - ९ रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ७६७४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०२/१० |

**धितोको विवरण**

नन्दलाल राउतको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको सिरसिया - ६, धनुषा स्थित कित्ता नं. ८६८, ७०० र ६९८ को क्षेत्रफल क्रमशः ०-१-४-२१/२, ०-०-९-१३ र ०-०-६-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ४. | **नाम : बिटु मोबाइल सेन्टर**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर, रौतहट<br>दर्ता नं. : १०७९४/१३९४/४२२/११३, दर्ता मिति : २०७८/११/०२<br>रजिष्टर्ड कार्यालय : गौर, रौतहट<br>**प्रोप्राइटर : महमद इनताज आलम, शाखा कार्यालय : गरुडा, रौतहट** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : महमद इनताज आलम**<br>बाबुको नाम : मजिद मिया<br>बाजे को नाम : इसलाम मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : २३३०६९/२३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०२/२२ | **२. नाम : महमद कलिममुल्लाह आलम**<br>बाबुको नाम : मजिद मिया<br>बाजेको नाम : इसलाम मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७६-०२९०६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०३/१८ |
| **३. नाम : मजिद मिया**<br>बाबुको नाम : इसलाम मिया<br>बाजेको नाम : कमरूद मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ५६१८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/३० | **४. नाम : कमरूल नेशा**<br>पतिको नाम : मजिद मिया<br>ससुरोको नाम : इसलाम मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : २८१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०९ |
| **५. नाम : नाजनी खातुन**<br>पतिको नाम : मोमताज आलम<br>ससुरोको नाम : मजिद मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७३-०९५६१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७३/११/२३ | **६. नाम : सहिमा खातुन**<br>पतिको नाम : महमद इनताज आलम<br>ससुरोको नाम : मजिद मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७८-११६४६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०९/०४ |

**धितोको विवरण**

मजिद मियाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको पिप्रा पोखरीया - ४, रौतहट स्थित कित्ता नं. ७८७ र ५६७ को क्षेत्रफल क्रमशः ०-०-१२१/२ र ०-४-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ५. | **नाम : दिपेश झा**<br>बाबुको नाम : दानबिर झा, बाजेको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा, हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : १७५२६४२४३६, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०४/२८<br>**शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दान विर झा**<br>बाबुको नाम : जगन्नाथ झा<br>बाजेको नाम : नरसिंह झा<br>ठेगाना : लोहना - १, धनुषा<br>हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : ५२६/०३३/०३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३३/०४/१४ | **२. नाम : दिलीप झा**<br>बाबुको नाम : दानबिर झा<br>बाजेको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा<br>हाल : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : ५२६४२४३७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/०४/२८ |
| **३. नाम : रिमा कण**<br>पतिको नाम : दिपेश झा<br>ससुराको नाम : दान विर झाकी<br>ठेगाना : जनकपुर - २५, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-१५०८५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/१२/१९ | **४. नाम : सरोस्वती देवी**<br>पतिको नाम : दान वीर झा<br>ससुराको नाम : जगन्नाथ झा<br>ठेगाना : लोहना - १, धनुषा<br>ना.प्र.प.नं. : ५२६५२४१६<br>जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०४६/१०/०४ |

**धितोको विवरण**

दान विर झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको लोहना - १, धनुषा स्थित कित्ता नं. ४९८ को क्षेत्रफल ०-८-१७-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ६. | **नाम : लाल बाबु मंडर धानुक**<br>बाबुको नाम : राम चलितर मंडर धानुक<br>बाजेको नाम : सुख लाल मंडर<br>ठेगाना : कविलासी - ४, सर्लाही<br>हाल : कविलासी - ८, सर्लाही<br>ना.प्र.प.नं. : ४२७४३६८७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५४/०५/१९<br>**शाखा कार्यालय : लालबन्दी** | **नाम : सोभिता देवी मंडद**<br>पतिको नाम : लाल बाबु मंडर धानुक<br>ससुराको नाम : राम चलितर मंडर धानुक<br>ठेगाना : कविलासी - ४, सर्लाही<br>हाल : कविलासी - ८, सर्लाही<br>ना.प्र.प.नं. : १९१०५९ /१५४<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६५/०५/२७ |

**धितोको विवरण**

लाल वावु मंडर धानुकको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको कविलासी - ६ क, सर्लाही स्थित कित्ता नं. ५०५ को क्षेत्रफल ०-६-७-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ७. | **नाम : श्रीधर कुमार भुजेल**<br>बाबुको नाम : देव राज भुजेल, बाजेको नाम : धनबिर भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा, हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : १७३०५०/१९१९, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/१५<br>**शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : देव राज भुजेल**<br>बाबुको नाम : धनबिर भुजेल<br>बाजेको नाम : मैतसि भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ९१५०४२०२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३९/११/०८ | **२. नाम : भक्त कुमारी भुजेल**<br>पतिको नाम : देव राज भुजेल<br>ससुराको नाम : धनबिर भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ०६४६५२५५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४१/०१/२५ |
| **३. नाम : सुरज भुजेल**<br>बाबुको नाम : देबराज भुजेल<br>बाजेको नाम : धनबिर भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>ना.प्र.प.नं. : १७१०५०/६५६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६८/०२/०२ | **४. नाम : कविना भुजेल**<br>पतिको नाम : श्रीधर कुमार भुजेल<br>ससुराको नाम : देबराज भुजेल<br>ठेगाना : निबुवाटार - १, मकवानपुर<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ३१-०१-७०-०३८००<br>जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०७०/०३/२७ |

**धितोको विवरण**

देव राज भुजेलको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको यज्ञभुमी - ३, धनुषा स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-५-१२-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ८. | **नाम : शुभाष मत्सय पालन**<br>दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही<br>दर्ता नं. : ९०५१/०७७/०७८, दर्ता मिति : २०७७/०७/०३<br>कार्यालय ठेगाना : ब्रहमपुरी - ६, सर्लाही<br>**प्रोप्राईटर : राकेश पुर्वे, शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राकेश पुर्वे**<br>बाबुको नाम : जय नारायण पुर्वे<br>बाजेको नाम : जितन पुर्वे<br>ठेगाना : ववरगंज - ८, सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५३ /२५५१<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६४/०१/१३ | **२. नाम : लक्ष्मी पुर्वे**<br>बाबुको नाम : जय नारायण पुर्वे<br>बाजेको नामः जितन पुर्वे<br>ठेगाना : ववरगंज - ८, सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : ०३५१४१५८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६०/०९/०८ |
| **३. नाम : संतोष पुर्वे**<br>बाबुको नाम : जय नारायण पुर्वे<br>बाजेको नाम : जितन पुर्वे<br>ठेगाना : ववरगंज - ८, सर्लाही<br>हाल : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९१०५४/३८१<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६८/१२/२६ | **४. नाम : लालपरी देवी**<br>पतिको नाम : जय नारायण पुर्वे<br>ससुराको नाम : जितन पुर्वे<br>ठेगाना : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : ०३५१२०५४<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४४/१२/२२ |
| **५. नाम : सुन्दर कला कुमारी**<br>पतिको नाम : राकेश पुर्वे<br>ससुराको नाम : जय नारायण पुर्वे<br>ठेगाना : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७७-१७३३०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७७/०८/२१ | **६. नाम : विणा कुमारी**<br>पतिको नाम : लक्ष्मी पुर्वे<br>ससुराको नाम : जय नारायण पुर्वे<br>ठेगाना : चन्द्रनगर - २, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७७-१७३३०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७७/०८/२१ |

**धितोको विवरण**

संतोष कुमार पुर्वे/राकेश पुर्वेको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको बबरगंज - ८ क, सर्लाही स्थित कित्ता नं. १६५१ को क्षेत्रफल क्रमशः ०-१-१५-११ (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ९. | **नाम : सुविता कुमारी माली**<br>पतिको नाम : दिगम्बर माली भण्डारी, ससुराको नाम : अच्चेलाल भण्डारी<br>ठेगाना : नोकंल्वा - ७, सर्लाही, हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : १९३०४६ /१३६८, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/११/३०<br>**शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दिगम्बर माली भण्डारी**<br>बाबुको नाम : अच्चेलाल भण्डारी<br>बाजेको नाम : बाबु लाल भण्डारी<br>ठेगाना : नोकैल्वा - ७, सर्लाही<br>हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : ६५७६४७२९<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५४/१२/०७ | **२. नाम : कुलदिप भण्डारी**<br>बाबुको नाम : दिगम्बर माली भण्डारी<br>बाजेको नाम : अच्चेलाल भण्डारी<br>ठेगाना : ब्रम्हपुरी - ७,सर्लाही<br>हाल : ईश्वरपुर - १, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७४-०८४३८<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७४/०८/०४ |

**धितोको विवरण**

सुविता कुमारी मालीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको बल्वासोकनाहा - २ क, सर्लाही स्थित कित्ता नं. २०५ को क्षेत्रफल ०-०-१२-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १०. | **नाम : सुकमाया देवी**<br>बाबुको नाम : सार्के विश्वकर्मा, ससुराको नाम : बागिस ठाकुर भुमिहार<br>ठेगाना : बगडा - १, महोत्तरी, हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७१-०५१३४, जि.प्र.का. धनुषा, जारी मिति : २०७१/०८/१९<br>**शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुकमाया देवी**<br>बाबुको नाम : सार्के विश्वकर्मा<br>ससुराको नाम : बागिस ठाकुर भुमिहार<br>ठेगाना : बगडा - १, महोत्तरी<br>हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७१-०५१३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७१/०८/१९ | **२. नाम : आलोकनाथ ठाकुर**<br>बाबुको नाम : रविन्द्र ठाकुर भुमिहार<br>बाजेको नाम : बागिस ठाकुर भुमिहार<br>ठेगाना : बगडा - १, महोत्तरी<br>हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७२-०५४२४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/११/१८ |
| **३. नाम : रविन्द्र ठाकुर भुमिहार**<br>बाबुको नाम : बागिस ठाकुर भुमिहार, बाजेको नाम : बाके ठाकुर<br>ठेगाना : बगडा - १, महोत्तरी, हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : ०४३३३५२७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०४६/०८/०६ | |

**धितोको विवरण**

सुकमाया देवीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको यज्ञभुमि - ७ ङ, धनुषा स्थित कित्ता नं. ९७१ को क्षेत्रफल ०-०-१०-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| ११. | **नाम : रामबावु प्रसाद**<br>बाबुको नाम : कपिलदेव साह, बाजेको नाम : चौथी साह<br>ठेगाना : राजपुर तुलसी - ३, रौतहट, हाल : यमुनामाइ - ३, रौतहट<br>ना.प्र.प.नं. : २८६, जि.प्र.का. रौतहट, जारी मिति : २०४४/०५/०४<br>**शाखा कार्यालय : गौर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : कपिलदेव साह**<br>बाबुको नाम : चौथी साह<br>बाजेको नाम :<br>ठेगाना : राजपुर तुलसी - ३, रौतहट<br>हाल : यमुनामाइ - ३, रौतहट<br>ना.प्र.प.नं. : २२६७/२२०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/०३/१५ | **२. नाम : कौशिल्या देवी**<br>पतिको नाम : कपिलदेव साह<br>ससुराको नाम : चौथी साह<br>ठेगाना : राजपुर तुलसी - ३, रौतहट<br>हाल : यमुनामाइ - ३, रौतहट<br>ना.प्र.प.नं. : ३३२३०२५/९७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/१२/१२ |
| **३. नाम : प्रेमज्योती देवी**<br>पतिको नाम : रामबाबु प्रसाद<br>ससुराको नाम : कपिलदेव साह<br>ठेगाना : राजपुर तुलसी - ३, रौतहट<br>हाल : यमुनामाइ - ३, रौतहट<br>ना.प्र.प.नं. : ३३२३०२५/९८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/१२/१२ | **४. नाम : पवन कुमार साह**<br>बाबुको नाम : रामबाबु साह<br>बाजेको नाम : कपिलदेव साह<br>ठेगाना : यमुनामाइ - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७५-०२४९३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७५/०३/२१ |

**धितोको विवरण**

कपिलदेव साहको नाममा मालपोत कार्यालय गौरमा दर्ता रहेको राजपुर तुलसी - ५, रौतहट स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-२-८ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १२. | **नाम : धिरज हार्डवेयर**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. : ५०७/३९, दर्ता मिति : २०६६/०६/०६<br>रजिष्टर्ड कार्यालय : झुनखुनवा - ९, रौतहट<br>**प्रोप्राइटर : रामेश्वर साह, शाखा कार्यालय : गौर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामेश्वर साह**<br>बाबुको नाम : जिया लाल साह<br>बाजेको नाम : लछु साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. : २८९८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/१८ | **२. नाम : श्रदा देवी**<br>पतिको नाम : रामेश्वर साह<br>ससुराको नाम : जिया लाल साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. :२५५९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/०८/२७ |

**धितोको विवरण**

१. रामेश्वर साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको झुनखुनवा - ९, रौतहट स्थित कित्ता नं. ८११, ८००, ५३६, ४८२ र ८०४ को क्षेत्रफल क्रमशः ०-१-८३/४, ०-१-०, ०-०-१०, ०-२-६ र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. रामेश्वर साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको झुनखुनवा - ५ ख, रौतहट स्थित कित्ता नं. ९ र ५७६ को क्षेत्रफल क्रमशः ०-५-७ र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६

# ‘सीमलताल घटनामा संघीय सरकार गम्भीर देखिएन’



**टुडे समाचारदाता**

बारा । पूर्वमन्त्री तथा बारा निर्वाचन क्षेत्र- ४ का संघीय सांसद किसान श्रेष्ठले चितवनको सीमलतालमा भएको बस दुर्घटनामा हराइरहेका व्यक्तिको खोजीमा संघीय सरकार गम्भीर नदेखिएको आरोप लगाएका छन् ।

वीरगञ्ज महानगरपालिका-३१ स्थित वेलुवामा हुलास स्टिल प्रालिले बनाएको नयाँ प्लान्ट उद्घाटन कार्यक्रममा बोल्दै सांसद श्रेष्ठले सिमलताल घटनाले अहिले मधेस रोइरहेको टिप्पणी गरे ।

उनले भने, ‘यदी त्यो दुईवटा बसमा मधेस र मधेशीको मात्रै मृत्यु नभएको भए नेपाल सरकारले अहिलेसम्म केही गर्थ्यो होला, तर मधेसका जनता भएकै कारण संघीय सरकार घटनाप्रति गम्भीर देखिएको छैन, यस घटनामा मृतक परिवारका लागि अव सरकारले प्याकेज सहितको क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ ।’

पूर्वमन्त्री समेत रहेका रहेका श्रेष्ठले हुलास स्टिल प्रा.लिले अर्बको लगानी गरेर नयाँ प्रविधि मार्फत नेपालमै पहिलो पटक विद्युतीय तार, दूरसञ्चारको टावर, हाईमाक्स लाइट बनाउने काम सुरु गर्नु सराहनीय कार्य भएको बताए । उनले बारा पर्सा औद्योगिक करिडोरका उद्योगहरूले विद्युत् प्राधिकरणलाई बुझाउन बाँकी बक्यौता रकम प्रक्रिया पुर्‍याएर बुझाउन सुझाए ।

# मधेशमा दुर्घटनाबाट ५ सयभन्दा बढीको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा दुर्घटनामा परी वर्षेनी ५ सयभन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको छ ।

वितेको वर्ष मधेश प्रदेशको विभिन्न जिल्लामा सवारी दुर्घटनामा परेर ५ सय ३० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायव महानिरीक्षक (डिआइजी) दानबहादुर कार्कीले जनाए अनुसार आर्थिक वर्ष २०८०/०८१ मा ६ हजार ५८ वटा सवारी दुर्घटना हुँदा ५३० जनाको मृत्यु हुँदा २ हजार २४९ जना गम्भीर घाइते भएका छन् । त्यस्तै सोही दुर्घटनामा परेर ७ हजार ४९६ जना साधारण घाइते भएको उनले जानकारी दिए ।

प्रवक्ता कार्कीले बताए अनुसार गत आवमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटनामा परेको हो। गत वर्ष ८ हजार ५२९ वटा सवारीको दुर्घटना हुँदा सबैभन्दा बढी मोटरसाइकलको दुर्घटना भएको हो। गत वर्ष ५ हजार ९२६ वटा मोटरसाइकल



दुर्घटनामा परेको छ। त्यस्तै ट्रक टेकंर २०२, टिपर ५१, डोजर, लोडर, स्काभेटर १२, बस १८५, माइक्रो ५१, जीप, कार ५८२, ट्र्याक्टर ३०२, टेम्पो ४६७, शा.स.चल्ने ७१४ र अन्य ३७ वटा सवारी दुर्घटनामा परेको प्रहरीको तथ्यांकमा रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० मा ५ हजार ९८८ वटा सवारी दुर्घटना हुँदा ५४६ जनाले आफ्नो ज्यान गुमाएका थिए। यस्तै, सो दुर्घटनामा परेर २ हजार २ सय जना गम्भीर घाइते भएका थिए भने ७ हजार ४७२ जना सामान्य घाइते भएका थिए । आर्थिक वर्ष २०७८/०७९ मा ५ हजार ७११ वटा सवारी दुर्घटना हुँदा ५८५ जनाको मृत्यु भएको थियो। यस्तै, सो दुर्घटनामा परेर २ हजार ५०९ जना गम्भीर घाइते भएका थिए भने ६ हजार ९५५ जना सामान्य घाइते भएका थिए ।

त्यस्तै, आव २०७७/०७८ मा ३ हजार ९८३ वटा सवारी दुर्घटना हुँदा ५२३ जनाको मृत्यु भएको थियो। सो दुर्घटनामा परेर १ हजार ९३० जना गम्भीर घाइते भएका थिए भने ४ हजार ७४ जना सामान्य घाइते भएका थिए ।

आव २०७६/७७ मा १ हजार ३४० वटा सवारी दुर्घटना हुँदा ४२० जनाको मृत्यु हुँदा ९०५ जना गम्भीर घाइते भएका थिए। यस्तै, सो दुर्घटनामा परेर ९६२ जना सामान्य घाइते भएको प्रहरीको तथ्यांक छ ।

पाँच आर्थिक वर्षमा मधेश प्रदेशमा २३ हजार ८० वटा सवारी दुर्घटना भएकोमा २ हजार ६०४ जनाले आफ्नो ज्यान गुमाउँदा ९ हजार ७९३ जना गम्भीर घाइते भएको केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी कार्कीले बताए ।

# विवाद हुँदा एकको हत्या

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सामान्य विवादले उग्ररुप लिएपछि एक जनाको हत्या भएको छ ।

धनुषाको धनुषाधाम नगरपालिका- २ स्थित मंगलपुरका ४५ वर्षीय भोगेन्द्र ठाकुरको हत्या भएको छ भने उनकी श्रीमती ३५ वर्षीया श्यामु ठाकुर घाइते भएकी छन् ।

धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जनाएअनुसार सोमबार ठाकुरको कुटपिटबाट मृत्यु भएको छ ।

स्थानीय ४५ वर्षीया सुरजी मुखिया र उनका छोरा २१ वर्षीया नागेश्वर मुखियाको कुटपिटबाट ठाकुरको मृत्यु भएको र श्रीमती श्यामु घाइते भएको डिएसपी अवाले बताए ।

बिहान साढे ११ बजे घरमै कुटपिटबाट गम्भीर घाइते ठाकुरको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको छ । सो घटना लगत्तै घटनामा संलग्न आरोपमा आमाछोरालाई धनुषा प्रहरी पक्राउ गरेको छ । सो घटना विषयमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# अख्तियारलाई जग्गा नदिने निर्णय

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीको बर्दिवासमा क्रियाशील विभिन्न राजनीतिक दलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गौरीडाँडा खुला मञ्चको जग्गा प्रयोग गर्न नदिने निर्णय गरेका छन् ।

जिल्लाको बर्दिवास-३ स्थित गौरिडाँडामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयसँगै जोडिएको गौरीडाँडा खुला मञ्चको ६ कठ्ठा सार्वजनिक जग्गा अख्तियारलाई प्रयोग गर्न नदिने निर्णय स्थानीय राजनीतिक दलले गरेका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, लोकतान्त्रिक माजवादी पार्टीसहितका राजनीतिक दल र उद्योग वाणिज्य संघ बर्दिबासको तर्फबाट जारी भएको संयुक्त विज्ञप्तिमा उक्त जग्गा आयोगलाई नदिने उल्लेख छ ।




वितेको असार १२ गते जिल्ला प्रशासन कार्यालय महोत्तरीमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जग्गा सिफारिस समितिको बैठकले उक्त जग्गा अख्तियारलाई लिजमा दिने निर्णय गरेको थियो ।

बर्दिबास नगरपालिकाका मेयर प्रल्हाद क्षेत्रीसमेत उपस्थितिमा भएको उक्त बैठकले सार्वजनिक जग्गा अख्तियारलाई दिने भनेर गरेको निर्णयको पनि राजनीतिक दलहरुले विरोध गरेका छन् ।

# चोरी आरोपमा दुईजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले मोटरसाइकल चोरी गरेको आरोपमा दुईजनालाई पक्राउ गरेको छ । चोरीको मोटरसाइकल चलाइरहेको अवस्थामा सर्लाही हरिवन नगरपालिका-१ स्थित भुटकुनी टोलका २० वर्षीय मुकेश साह र रौतहट माधवनारायण नगरपालिका-१ स्थित दिपही टोलका २७ वर्षीय शिवचन्दन प्रसादलाई ईलाका प्रहरी कार्यालय चन्द्रनिगहपुरले पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ ।

आरोपित मुकेशले यही साउन १२ गते चन्द्रपुर-१ स्थित नुनथर मन्दिर नजिकबाट भारतीय नागरिक सुनीलकुमार साहको बिआर ३० एफ ५३३६ नम्बरको अपाचे मोटरसाइकल र प्रसादले साउन ११ गते राति चन्द्रपुर-४ मुस्लिम टोलका हसन सरिफ मन्सुरीको वाग्मती प्रदेश ०२-०२८ प ७८३४ नम्बरको बजाज कम्पनीको मोटरसाइकल चोरी गरेको ईलाका प्रहरी चन्द्रनिगाहपुरका डीएसपी राजकुमार राईले जानकारी दिए ।



उनले पक्राउ परेका मुकेशलाई जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान गरिएको बताए ।

त्यस्तै चन्द्रपुर-८ स्थित सन्तपुर बजारबाट हराएको प्रदेश २-०३-०११ प ९७०२ नम्बरको मोटरसाइकल मंगलबार बिहान गुजरा नगरपालिका-२ जंगलमा घाँसले छोपेको अवस्थामा फेला पारेको ईलाका प्रहरीका प्रहरी निरीक्षक साजन साहले जनाए । सो मोटरसाइकल चोरी गर्ने गिरोहको खोजी भइरहेको प्रहरी निरीक्षक साहले बताए ।

# खानेपानीबाट वञ्चित



**टुडे समाचारदाता**

लहान । सिरहाको एक स्थानीय तहमा खानेपानी तथा सरसफाइ आयोजनाको काम अलपत्र खानेपानीबाट सयौँ घरधुरी वञ्चित भएका छन् ।

जिल्लाको कल्याणपुर नगरपालिका-१२ स्थित तिलासीमा बेल्हा खानेपानी तथा सरसफाइ आयोजनाको काम अलपत्र रहेको छ । पञ्चवर्षीय योजनासहित वि.सं.२०७२ देखि सुरु भएको उक्त खानेपानी आयोजना नौ वर्ष बित्दा पूरा नभएको छ ।

पाँच वर्षभित्र एक हजार दुई सय घरधुरीलाई स्वच्छ खानेपानी खुवाउने लक्ष्यसहित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय लहानले छ करोड ५० लाखमा आयोजना बनाउन सुरु गरेको थियो । सो कार्यालयले हालसम्म दुई करोडमा दुई बोर्डिङ गाडेर ट्यांकी बनाएर बाँकी काम अलपत्र छाडेको छ । समयमै पूर्णता दिन बेल्हा खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुशेश्वर ठाकुरले भने पाँच वर्षभित्र योजना सम्पन्न गर्ने भने पनि नभएको स्थानीयको गुनासो छ ।

साबिकको लहान खानेपानी तथा सरसफाइ डिभिजन पछिल्लो समय समायोजन भएर सप्तरीको राजविराजडिभिजनकार्यालयअन्तर्गत समावेश भइसकेको छ । आर्थिक वर्ष २०७९/०८० असार मसान्तमा डिभिजन कार्यालय राजविराजले १९ लाखको बोर्डिङको पाइप किनेर कार्यालय अगाडि थुपारेर छाडेको छ ।

सो पाइप जडान गर्न त्यसपछि कहिल्यै डिभिजन कार्यालयका कर्मचारी नै पुगेनन् । आर्थिक वर्ष २०८०/०८१ मा छुट्याएको १७ लाख रुपैयाँ डिभिजनले कामै नगरी ‘फ्रिज’ भएर गएको बताइएको छ । कल्याणपुर-१२ का वडाध्यक्ष दिलीपकुमार यादवले भने वडावासीलाई स्वच्छ खानेपानी खुवाउन निरन्तर योजनाबारे सोधिखोजी गरिरहेको बताए ।

सरकार र स्थानीय जनप्रतिनिधिको बेवास्ताले खानेपानी आयोजना अलपत्र परेको स्थानीय बताउँछन् ।

संघीय सरकारबाट प्रदेशमा हस्तान्तरण भएको आयोजना भएकाले उचित बजेट नदिँदा पूर्णता पाउन नसकेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजका प्रमुख विश्वनाथ यादवले बताए ।

# मृतक र बेपत्ता युवकको परिवारलाई गाउँपालिकाद्वारा सहयोग

**टुडे समाचारदाता**

मलंगवा । सीमलताल दुर्घटनामा मृत्यु तथा बेपत्ता रहेका परिवारलाई सर्लाहीको रामनगर गाउँपालिकाले एक/एक लाख रुपियाँ आर्थिक सहयोग गरेको छ ।



असार २८ गते नारायणगढ-मुग्लिन सडक अन्तर्गत चितवनको भरतपुर महानगरपालिका-२८ स्थित सीमलतालमा आएको पहिरोमा ६५ जना यात्रुसहित दुईवटा बस त्रिशूली नदीमा बेपत्ता भएका थिए । सो दुर्घटनामा परेर मृत्यु भएका रामनगर गाउँपालिका-३, बोहर्बाका जितेन्द्र राम र बेपत्ता रहेका सोही ठाउँ निवासी रामा दासको परिवारलाई गाउँपालिकाले आज जनही एक लाख रुपियाँ प्रदान गरेको छ ।

जितेन्द्रका बुबा मन्सिप राम र रामाका बुबा नागेन्द्र दासलाई नगद प्रदान गरिएको रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादवले जनाए । गाउँपालिका अध्यक्ष यादव र वडाध्यक्ष अजय यादवले दुवै युवकको घरमा पुगेर सहयोग रकम हस्तान्तरण गरेका छन् ।

सो दुर्घटनामा परेर छोरा गुमाएका दुवै परिवारको आर्थिक अवस्था दयनीय रहेकाले गाउँपालिकाले सहयोग प्रदान गरेको गाउँपालिका अध्यक्ष यादवले बताए ।

नदीमा बस खसेपछि दुई साता भन्दा बढी समयदेखि बेपत्ता रामा दासको परिवारले शव फेला नपरेपनि परम्परा अनुसार दाहसंस्कार गरेका छन् ।

जितेन्द्र र रामा वैदेशिक रोजगारीका लागि काठमाडौँमा स्वास्थ्य परीक्षण गरेर गौर आउने बस चढेर घर फर्कंदै गर्दा दुर्घटनामा परेका परिवारको भनाइ छ ।

# मोटरसाइकल ठोक्किँदा ६ जना घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुरमा दुई मोटरसाइकल एक आपसमा ठोक्किँदा ६ जना घाइते भएका छन् । घाइतेहरुको अवस्था भने सामान्य रहेको छ ।

जिल्लाको ईश्वरपुर नगरपालिका- ११ स्थित खोरियाबाट बबरगंजतर्फ जाँदै गरेको बा २२ प ३९३० नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बीआर ३० डी ३२३१ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा दुई मोटरसाइकलमा सवार पाँच जना र एक जना पैदल यात्री गरेर ६ जना घाइते भएका छन् ।

दुर्घटनामा भारतीय बीआर ३० डी ३२३१ नम्बरको मोटरसाइकलमा सवार ईश्वरपुर ११ निवासी २५ वर्षीय दिपेश शर्मा, उनकी पत्नी २२ वर्षीया अन्जली ठाकुर र उनीहरुकी ७ महिनाको छोरा दिब्यान्स घाइते भएको सर्लाही प्रहरीले जनाएको छ ।

त्यस्तै दुर्घटनामा बा २२ प ३९३० नम्बरको मोटरसाइकलका चालक सर्लाहीकै चन्द्रनगर गाउँपालिका-६ का १८ वर्षीय रवी साह, सोही ठाउँका जयकिशोर साहकी १५ वर्षीया छोरी विमला साह र स्थानीय लक्ष्मी साहकी १८ वर्षीया छोरी सुस्मा कुमारी साह घाइते भएका प्रहरीले जनाएको छ। सुस्मा पैदल यात्री रहेका छन् ।

घाइतेहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । दुर्घटनापछि प्रहरीले दुबै सवारी साधनलाई नियन्त्रणमा लिएको जनाएको छ।

# सुनितालाई गायन र दिलीपलाई अधिकारकर्मी पुरस्कार

**टुडे समाचारदाता**

राजविराज । मैथिली लोक गायन क्षेत्रमा योगदान वापत राजविराज- ३ की सुनिता साह र अधिकार क्षेत्रमा योगदान गरेवापत रुपनी गाउँपालिका- ६ का दिलीप कुमार चौधरी क्रमशः यस वर्षको मैथिली लोक गीत गायन र बैध-प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित हुने भएका छन् ।

पुरस्कार छनोट समितिको मंगलबार बसेको बैठकले यस वर्षको ५औं मैथिली लोकगीत गायन पुरस्कारबाट साहलाई र ९ औं बैध-प्रकाश मानवअधिकार पुरस्कारबाट चौधरीलाई पुरस्कृत गर्ने निर्णय गरेको छ ।

दलित अधिकार क्षेत्रमा लामो समयदेखी क्रियाशिल रही योगदान गरेवापत यस वर्षको बैध-प्रकाश मानवअधिकार पुरस्कार चौधरीलाई दिने निर्णय गरेको पुरस्कार कोष समितिका संयोजक बैद्यनाथ झाले जानकारी दिए ।



२०७१ सालमा इन्सेकद्वारा ५० हजार राशी पुरस्कार भएको प्रकाश-बैध मानवअधिकार पुरस्कार प्राप्त गरेका झाले सोही रकम र आमा चन्द्रदेवी झाको सामाजिक सुरक्षा भत्ता वापत प्राप्त हुने ५० हजार थपेर १ लाखको पुरस्कार कोष नै स्थापना गरेका थिए ।

सोही कोषबाट उनले प्रत्येक वर्ष मानव अधिकारकर्मी प्रकाश काफ्लेको स्मृति दिवसको अवसर पारेर अधिकार, संस्कृति, संचार, कला, गायन, समाज सेवा लगायतका क्षेत्रमा योगदान गर्ने व्यक्तित्वलाई पुरस्कृत गर्दै आएका छन् ।

यस्तै मैथिली लोक गायन क्षेत्रमा योगदान दिँदै आएकी ३० वर्षीया साहलाई पाचौं उर्मिलादेवी मैथिली गायन पुरस्कारबाट सम्मानित गर्ने निर्णय भएको मैथिली महिला परिषद्की पूर्व अध्यक्ष शान्ति झाले बताइन् । उनी पुरस्कार छनोट समितिकी संयोजक हुन् ।

परिषद्को बैठकले लोक गायनको माध्यमबाट मैथिली भाषा र संस्कृति जगेर्नामा योगदान पुर्‍याए वापत साहलाई सम्मानित गर्न निर्णय भएको उनले बताइन् । सो पुरस्कारको स्थापना पनि प्रेस स्वतन्त्रता सेनानी समेत रहेका बैधनाथ झाले नै गरेका छन् ।

दुबै पुरस्कार मानव अधिकारकर्मी स्व. प्रकाश काफ्लेको ३२ औं स्मृती दिवसको अवसरमा पारेर आगामी शुक्रबार साउन १८ गते प्रदान गरिने कार्यक्रम तय भएको कोषका संयोजक प्रेस स्वतन्त्रता सेनानी झाले बताए ।

# भूमिगत सिँचाइ प्रणालीले उत्पादन कार्यमा सहजता

**टुडे समाचारदा**

जनकपुरधाम । धनुषा र महोत्तरीमा भूमिगत सिँचाइ प्रणालीले कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि तथा किसानको खेतमा सिँचाइ सुविधा पुर्‍याउन प्रभावकारी बनेको छ ।

नहर एवम् नदीनालाबाट सिँचाइको व्यवस्था नभएको तथा आकाशे पानीमाथि निर्भर रहेका किसानका लागि भूमिगत सिँचाइ प्रणाली प्रविधि वरदान साबित भएको किसानहरु बताउँछन् ।

स्थानीय हलखोरी मण्डलले खेतीका लागि मात्रै नभई खानपिनका साथै दैनिक जीवनमासमेत प्रयोग भइरहेको बताए । मधेश प्रदेश सरकारको जलस्रोत तथा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालय जलेश्वर, महोतरीद्वारा धनुषा तथा महोत्तरी जिल्लाको ग्रामीण क्षेत्रमा जडान गरिएको डिपट्युवेल तथा पावरड्रिलबाट सिँचाइ सुविधा पुर्‍याइएको छ । एक डिपट्युवेलबाट ४० विघा खेत सिञ्चित हुने गरेको छ ।

महोत्तरी-धनुषामा अहिलेसम्म ३५ वटा डिपट्युवेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमिन सिञ्चित हुने गरेको छ । एउटा डिपट्युवेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी रकम लाग्ने गरेको छ । गत आर्थिक वर्षमा थप पाँचवटा डिपट्युवेलको निर्माण प्रक्रिया सुरु भएको छ । एउटा निर्माणमा ३० लाख रुपैयाँसम्म खर्च भएको तथा चालु आर्थिक वर्षमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने कार्यालयले जनाएको छ ।

पाँचवटाको निर्माणमा एक करोड ५० लाख रुपैयाँ खर्च भएको छ । त्यस्तै महोत्तरी तथा धनुषामा हालसम्म ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेको सूचना अधिकारी तथा इन्जिनियर अमलेश यादवले बताए । एउटा पावरड्रिलबाट नौ विघा जमिन सिञ्चित हुने गरेको छ । एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा १६ लाख लाग्ने गरेको छ ।

अहिलेसम्म ५० वटा पावरड्रिल निमार्णमा एक करोड २९ लाख ६० हजार रुपैयाँ खर्च भएको छ । दुवै जिल्लामा डिपट्युवेल तथा पावरड्रिलबाट १८ सय ५० बिघा जमिनमा सिँचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले बताए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८